# राष्ट्रमण्डल प्रसारण सङ्घ मार्गनिर्देशिका

राष्ट्रमण्डल प्रसारण सङ्घ

UNESCO

# राष्ट्रमण्डल प्रसारण सङ्घ मार्गनिर्देशिका

## राष्ट्रमण्डल प्रसारण सङ्घ

**युनेस्कोको सहयोगसहित**

**सम्पादक :**

**मेरी रैने**

पूर्व सम्पादक, रेडियो न्यूज फिचर्स, बिबिसी विश्व सेवा

यस पुस्तकमा समावेश गरिएका तथ्यहरूको छनौट एवं प्रस्तुतिका लागि तथा यसमा अभिव्यक्त गरिएका विचारहरूका लागि लेखकहरू जिम्मेवार हुनुहुन्छ । ती तथ्य तथा विचारहरू युनेस्कोको हुनैपर्छ भन्ने छैन र संस्था तिनीहरूका लागि जिम्मेवार हुने छैन ।

यस प्रकाशनमा प्रयोग गरिएका पदहरू तथा सामग्रीहरूको प्रस्तुति कुनै पनि राष्ट्र, क्षेत्र, शहर वा क्षेत्र वा यसका निकायहरूका सम्बन्धमा वा यसका सीमाहरू वा चौघेरालाई सीमित पार्नेसम्बन्धमा युनेस्कोको कुनै वैचारिक अभिव्यक्तिसँग सम्बन्धित छैन ।


संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)

सञ्चार तथा सूचनाका लागि एसिया-प्रशान्त क्षेत्रीय विभाग

बी-५/२९ सफदरजङ्ग इन्क्लेभ

नयाँदिल्ली-११००२९ (भारत) द्वारा सन् २००४ मा प्रकाशित ।

आईएसबीएन : ८१-८९२१८-००-एक्स

वेबसाइट : Web: http://www.unesco.org/webworld

युनेस्को, काठमाडौं अफिसद्वारा सन् २००६ मा नेपालीमा अनुवादित

## विषय-सूची

| | |
|---|---|
| प्राक्कथन | १ |
| भूमिका | ३ |
| आधारभूत सम्पादकीय सिद्धान्तहरू | ५ |
| विश्वसनीयता, सन्तुलन तथा निष्पक्षता | ६ |
| समाचारमा निष्पक्षताको पालना | ७ |
| तथ्य | ८ |
| अन्तर्वार्ता | ९-१२ |
| निर्वाचनसम्बन्धी समाचार सङ्कलन | १३-१९ |
| स्वार्थको द्वन्द्व | २०-२२ |
| फोन-इन कार्यक्रम | २३-२४ |
| कार्यक्रममा धर्म | २५-२६ |
| आस्वादन तथा भद्रता | २७-२८ |
| स्वास्थ्य कार्यक्रमहरू | २९-३० |
| एचआईभी/एड्स | ३१-३३ |
| बालबालिका | ३४-३५ |
| जलडमरु समयावधि (The 'Watershed') | ३६-३७ |
| अपराध तथा असामाजिक गतिविधि | ३८-३९ |
| प्रकोपसम्बन्धी समाचार सङ्कलन | ४०-४१ |
| हिंसा | ४२-४३ |
| अशान्ति, अपहरण तथा बन्धक | ४४ |
| बमसम्बन्धी चेतावनी | ४५ |
| प्रदर्शन | ४६-४७ |
| स्वच्छता तथा सिधा व्यवहार | ४८-४९ |
| गोपनीयता | ५० |
| गुनासोका प्रक्रियाहरू | ५१-५२ |

# प्राक्कथन

यस मार्गनिर्देशिकाका लागि सामग्री सङ्कलन गर्दा हामीले अष्ट्रेलियन ब्रोडकाष्टिङ्ग कर्पोरेशन, स्पेशल ब्रोडकाष्टिङ्ग सर्भिस, ब्रिटिश ब्रोडकाष्टिङ्ग कर्पोरेशन, क्यानेडियन ब्रोडकाष्टिङ्ग कर्पोरेशन, न्युजिल्याण्ड ब्रोडकाष्टिङ्ग कर्पोरेशन, अल इण्डिया रेडियो, साउथ अफ्रिकन ब्रोडकाष्टिङ्ग कर्पोरेशन, श्रीलङ्का रुपवाहिनी कर्पोरेशन, टीभी न्युजिल्याण्ड तथा मेडिया कर्पोरेशन अफ सिङ्गापुर प्राइभेट लिमिटेडले आफ्ना कार्यक्रम उत्पादनसम्बन्धी कर्मचारीहरूलाई वितरण गरेका सामग्रीहरूबाट निकै लिएका छौँ । टीम निलेको कार्यपत्र 'राष्ट्रमण्डल निर्वाचन प्रसारण मार्गनिर्देशिका' बाट हामीले स्वतन्त्र रूपमा उद्धृत गरेकाले उहाँप्रति हामी आभारी छौँ भने स्वास्थ्य कार्यक्रमहरूसम्बन्धमा सुझाव उपलब्ध गराइदिनुभएकोमा बिबिसी विश्व सेवाको हेल्थ म्याटर्सका डा. ग्राहम इष्टन र बिबिसी विश्वसेवाकी बिसाखा घोषप्रति पनि आभारी छौँ ।

यी प्रमुख प्रसारकहरूले आफ्ना सेवा उपलब्ध गराउने समाजहरूबीच ठूलो भिन्नता भए पनि तिनीहरूको मार्गनिर्देशिकामा निकै थोरै मात्र फरक भएको हामीले पायौँ ।

**इलिजावेथ स्मिथ**

महासचिव, राष्ट्रमण्डल प्रसारण सङ्घ

१७ फ्लीट स्ट्रीट, लण्डन ईसी४वाई १एए,
टेलिफोन नं.  : ४४ २०७ ५८३ ५५५०
फ्याक्स नं.  : ४४ २०७ ५८३ ५५४९
वेबसाइट  : cba@.org.uk
www.cba.org.uk

# भूमिका

सूचनाको स्वतन्त्र प्रवाह प्रजातन्त्र तथा मानव अधिकारको सम्मानका लागि जग र आधार हो । विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूका अलावा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १९ मा यो कुरा स्थापित गरिएको छ । यो कुरा युनेस्कोको कार्यक्षेत्र तथा उद्देश्यहरूको केन्द्रमा पनि रहेको छ । युनेस्को सूचनाको स्वतन्त्र प्रवाहको प्रवर्द्धन तथा संरक्षण गर्नमा प्रतिबद्ध छ भन्ने कुरा यसको विधानमै उल्लेख गरिएको छ । युनेस्कोको सञ्चार विकाससम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमका अध्यक्षका रूपमा टोर्बेन क्रोघले उल्लेख गर्नुभएको छ, "यससन्दर्भमा अत्यन्त महत्वपूर्ण कामहरूमध्ये एउटा स्वतन्त्र, आत्मनिर्भर तथा बहुलवादी आमसञ्चार माध्यमको विकास हो । अभिव्यक्ति स्वतन्त्रताबिना प्रजातन्त्रको अस्तित्व हुँदैन र अर्कोतिर सूचना स्रोतहरू तथा विचारहरूको बहुलताबिना प्रजातन्त्र मुश्किलले क्रियाशील हुन सक्छ ।"

कयौँ संस्थाहरूले प्रसारणको क्षेत्रका लागि समाचार सङ्कलनका क्रममा बढीभन्दा बढी जटिल छनौटहरूको सामना गर्दछन् । कठिन तथा विवादास्पद विषयहरूमा काम गर्ने क्रममा कार्यक्रम निर्माताहरू तथा समाचार सङ्कलकहरूलाई सहयोग पुऱ्याउनका लागि केही संस्थाहरूले मार्गनिर्देशिकाहरू तयार गरेका छन् । कतिपयले अझै पनि यस प्रक्रियालाई अपनाएका छैनन् । सञ्चार व्यवसायीहरू तथा उनीहरूका संस्थाहरूले मात्र स्वेच्छिक रूपमा (बाध्यकारी रूपमा तथा कुनै पनि किसिमका 'वाह्य पक्षहरू' बाट कदापि होइन) सविस्तार तयार गरिनुपर्ने तथा अपनाउनुपर्ने व्यावसायिक आचारका यी आन्तरिक नियम तथा सिद्धान्तहरू उपरोक्त उद्देश्यहरू हासिल गर्नका लागि ठूलो सहयोगी हुनसक्छन् ।

यस प्रकाशनमा प्रस्तुत गरिएका मार्गनिर्देशनहरू प्रसारकहरूलाई अन्यौलको बीचबाट बाटो पत्ता लगाउन र स्वतन्त्र तथा स्वच्छ समाचार सङ्कलन सुनिश्चित गर्ने राम्रा अभ्यासहरू पहिचान गर्न एवं तिनीहरूको अनुसरण गर्न सहयोग गर्ने एक प्रयास हो । यो राष्ट्रमण्डल प्रसारण सङ्घ मार्गनिर्देशिका पूरै वा आंशिक रूपमा कुनै पनि संस्थाले स्वेच्छिक रूपमा आत्मसात् गर्न सक्दछ ।

विश्वका कतिपय भागमा सञ्चार माध्यमलाई स्वतन्त्र तथा निष्पक्ष रूपमा काम गर्न कति गाह्रो छ भन्ने कुराको अनुभूति युनेस्कोलाई भएकोले यस संस्थाले आफ्ना नियमित कार्यक्रमहरू 'अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चार विकास' एवं 'सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम' मार्फत् सञ्चार माध्यमले सामना गरिरहेका कठिनाइहरूलाई सम्बोधन गर्न र सञ्चार माध्यमको विकासलाई तीव्रता प्रदान गर्ने उद्देश्य लिएको छ ।

यस्ता मार्गनिर्देशिकाहरू एवं आचारप्रतिको स्वेच्छिक एवं व्यावसायिक सम्मान प्रवर्द्धन गर्न तथा व्यवहारमा यिनीहरूप्रति सम्मान गरिएको र पालना गरिएको सुनिश्चित गर्न यस मार्गनिर्देशिकाका पाठकहरू, विशेषगरी प्रसारकहरू तथा उनीहरूका संस्थाहरूलाई हामी आह्वान गर्दछौँ ।

मार्गनिर्देशिका उपलब्ध गराइदिनुभएकोमा राष्ट्रमण्डल प्रसारक सङ्घका महासचिव एलिजावेथ स्मिथको नेतृत्वमा रहेको राष्ट्रमण्डल प्रसारक सङ्घ टोलीका साथै नयाँदिल्ली र पेरिसका सञ्चार तथा सूचना क्षेत्रका मेरा सहकर्मीहरू श्री डब्लू. जयवीरा, श्री मार्सेलो स्कारोने र श्री तर्जा भिर्तानेनप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**प्रा. एम.ताफिक**
*निर्देशक, युनेस्को*
*सञ्चार तथा सूचनासम्बन्धी एसिया-प्रशान्त क्षेत्रीय विभाग*

# आधारभूत सम्पादकीय सिद्धान्तहरू

- समाचारहरू तथा समसामयिक गतिविधिहरूको सङ्कलन तथा प्रस्तुतिसम्बन्धी कार्य आवश्यक सम्पूर्ण तथ्यहरूमाथि प्रकाश पारेर इमानदारीपूर्वक गर्नुहोस् ।
- श्रोताहरूको विविध विचार सुन्न पाउने अधिकारलाई सम्मान गर्नुहोस् । सान्दर्भिक तथा उपलब्ध तथ्यहरूलाई नछुटाउनुहोस् वा गलत वा अनुपयुक्त रूपमा जोड दिएर सामग्रीलाई तोडमरोड नगर्नुहोस् ।
- प्रश्नका सबै पक्षलाई प्रस्तुत गर्न कोशिस गर्नुहोस् । सन्तुलन स्थापना गर्न प्रयास गर्नुहोस् । यो कार्य एउटै कार्यक्रमबाट वा एउटै समाचार बुलेटिनबाट सधैँ सम्भव नहुन सक्छ तर उचित समयभित्र भने यो उद्देश्य हासिल गरिनुपर्छ ।
- समाचारको मूल्यबारे सम्पादकीय निर्णयमा पुग्नुहोस् । निष्पक्षताको अर्थ प्रश्न नै नगर्नु होइन, न त एउटै मुद्दाका सबै पक्ष समान समयावधिको भागिदार हुन्छ भन्ने नै हो ।
- पत्रकारिता स्वतन्त्रताको सिद्धान्तलाई निर्वाह गर्नु जरुरी कुरा हो । पत्रकारहरूको स्रोतको रक्षा गर्नु यस सिद्धान्तको महत्वपूर्ण अंश हो ।
- नृशंसता, हिंसा, क्रुरता तथा व्यक्तिगत पीडा प्रस्तुत गर्दा पर्याप्त विचार पुऱ्याउनुहोस् ।
- व्यक्तिको गोपनीयतासम्बन्धी वैध अधिकारप्रति सम्मान गर्नुहोस् र सार्वजनिक हितयुक्त महत्वपूर्ण मुद्दा भएको पुष्टि नभएसम्म व्यक्तिगत दुःख तथा चिन्तामा घुसपैठ नगर्नुहोस् ।
- विज्ञापन, राजनीतिक वा व्यक्तिगत विचारबाट सम्पादकीय निर्णयलाई प्रभावित हुन नदिनुहोस् ।
- समाचार सङ्कलन तथा कार्यक्रम निर्माणका क्रममा कुनै सम्पादकीय अडान नलिनुहोस् ।

# विश्वसनीयता, सन्तुलन तथा निष्पक्षता

खुला समाजमा पत्रकारितासम्बन्धी संस्थाको एउटा महत्वपूर्ण गुण विश्वसनीयता हो । संस्थाको विश्वसनीयता र यसका पत्रकारहरूको विश्वसनीयता एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । विश्वसनीयता भनेको समाचार सङ्कलन तथा प्रस्तुतिमा शुद्धता एवं सत्यता जस्ता कुरामा मात्र निर्भर रहने नभई पक्षपात भएको अनुभूतिलाई उल्लेख्य रूपमा वृद्धि गर्ने संस्था वा सम्पर्कहरूलाई पत्रकारले गर्ने उपेक्षामा पनि भर पर्दछ । आफ्ना समाचार तथा समसामयिक गतिविधिसम्बन्धी कार्यक्रम उत्पादनका लागि कर्मचारी लिने समयमा उनीहरूबाट व्यावसायिक जिम्मेवारीहरू निर्वाहका क्रममा हुनसक्ने पक्षपातको कुनै अनुभूति वा अनुचित प्रभावको सम्भावनालाई अस्तित्वमा आउन नदिन उनीहरूका प्रकाशित विचारहरू, उनीहरूका व्यक्तिगत संलग्नता तथा उनीहरूका सम्बन्धहरू तथा पृष्ठभूमिप्रति स्टेशन सचेत रहनुपर्छ । उनीहरूको विश्वसनीयता तथा प्रसारकको विश्वसनीयतालाई कायम राख्नका लागि कार्यक्रमको प्रत्यक्ष प्रसारणका साथै सम्पादन, उत्पादन वा व्यवस्थापनमा संलग्न व्यक्तिहरूले विवादास्पद विषयवस्तुसम्बन्धी पक्षपातपूर्ण वक्तव्य वा संलग्नताका माध्यमबाट कुनै पनि हालतमा सार्वजनिक रूपमा परिचित हुनबाट आफूलाई जोगाउनुपर्दछ ।

समाचार कार्यक्रमहरूले दर्शक तथा श्रोताहरूलाई आफ्नै विचार निर्माण गर्न सक्षम बनाउने किसिमबाट विषयवस्तुहरूसम्बन्धी विद्वतापूर्ण तथा सुसूचित विवरण उनीहरूलाई उपलब्ध गराउनुपर्दछ । एक समाचारदाता वा विशेषज्ञ संवाददाताले व्यावसायिक पत्रकारितात्मक निष्कर्ष अभिव्यक्त गर्न सक्छ तर आफ्नो व्यक्तिगत विचार होइन । उक्त निष्कर्षलाई ग्राह्य तथा स्वच्छ रूपमा स्वीकारिनुपर्दछ । कार्यक्रम हेरेको वा सुनेको भरमै कुनै विवादास्पद विषयमा प्रस्तुत विचारलाई प्रस्तोता वा संवाददाताको व्यक्तिगत विचार भन्ने अनुभूति श्रोतालाई गराउनु हुँदैन ।

पत्रकारहरूको पनि अरुका जस्तै आफ्नै विचारहरू हुन्छन् । तैपनि उनीहरू पनपक्ष वा दुराग्रहप्रति समर्पित हुनुहुँदैन । एक जना पत्रकार व्यावसायिक हुनुको अर्थ उनी विचारविहीन हुनु होइन, व्यावसायिक हुनु भनेको त आफ्ना समाचारहरूलाई न्यायपूर्ण तथा स्वच्छ बनाउन तथा त्यसो भएको देखाउनका लागि ती विचारहरूप्रति सचेत हुनु र तिनीहरूबाट अलग रहनु हो ।

सूचनामूलक कार्यक्रमहरूमा पत्रकारिताका स्थापित सिद्धान्तहरू प्रतिविम्बित हुनुपर्छ :

- शुद्धता : सूचना सही छ र कुनै पनि किसिमबाट भ्रामक वा गलत छैन । यसका लागि होशियारीपूर्ण तथा गहिरो अनुसन्धान एवं भाषा तथा उत्पादन प्रविधिको अनुशासित प्रयोग आवश्यक हुन्छ ।
- पूर्णता : सूचना सत्यतापूर्ण छ र निष्कर्षलाई न्यायोचित सिद्ध गर्नका लागि तोडमरोड गरिएको छैन । प्रसारकहरूले व्यक्तिगत पनपक्ष प्रदर्शन गर्न हुँदैन ।
- निष्पच्छता : सूचनाले सम्बन्धित सम्पूर्ण तथ्यहरू र महत्वपूर्ण दृष्टिकोणहरूका सम्बन्धमा समान रूपमा जानकारी दिन्छ । यसले व्यक्ति, संस्था, विषय तथा घटनाहरूसँग निष्पक्ष तथा नैतिक रूपमा व्यवहार गरेको छ ।

# समाचारमा निष्पक्षताको पालना

सन्तुलन तथा स्वच्छता कायम गर्नका लागि सम्भव भएसम्म व्यापक विचारलाई प्रस्तुत गर्नुपर्दछ । श्रोता/दर्शकको सबैभन्दा ठूलो समुदायले थाहा पाउन चाहेको कुरामा मात्र कार्यक्रमलाई सीमित पार्न मिल्दैन । सर्वसाधारणलाई थाहा पाउने अधिकार भएका कुरा तथा उनीहरूले थाहा पाउन आवश्यक कुराहरू यसमा समावेश गरिनैपर्दछ । स्वीकृत कट्टरपनालाई चुनौती दिने कुराहरू पनि समाचारमा समेटिनुपर्दछ तर स्थापित विचारहरूलाई पनि स्पष्ट रूपमा राखिनुपर्दछ ।

कार्यक्रमहरू फराकिलो र गहिरो हुनुपर्दछ । समाचार सङ्कलनलाई निकै सामान्य पनि बनाइनु हुँदैन ता कि श्रोताहरूले सम्बन्धित विषयलाई पर्याप्त मात्रामा बुझ्न सकून् ।

प्रसारकले आफू वरिपरिको समाजलाई प्रतिविम्बित गर्नुपर्दछ । राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय आवश्यकताहरूबीच सन्तुलन कायम गरिनै पर्दछ । राष्ट्रको एक क्षेत्रको दृष्टिकोणलाई अनावश्यक महत्व दिनुहुँदैन ।

मतभिन्नता भएका सार्वजनिक चासोका विषयमा बनाइएका कार्यक्रमहरूमा सबै पक्षका विचारलाई समेटिएको सुनिश्चित गरिनुपर्दछ । राजनीतिक तथा औद्योगिक विवादसम्बन्धी समाचार सङ्कलन गर्दा मतभिन्नतायुक्त प्रमुख विचारहरू प्रस्तुत गरिनुपर्दछ । उही बुलेटिन वा कार्यक्रममा विभिन्न दृष्टिकोणहरूलाई प्रस्तुत गर्न नसकिएमा उचित समयावधिभित्रमा सन्तुलनलाई कायम गरिनुपर्दछ ।

समाचारको एक पक्षको उपयुक्त प्रतिनिधिसँग सम्पर्क गर्न नसकिएमा पत्रकार वा कार्यक्रम निर्माताले उक्त दृष्टिकोणलाई प्रतिनिधित्व गर्नसक्ने अरु कसैलाई फेला पार्न हरसम्भव प्रयास गर्नुपर्दछ । कसैलाई फेला पार्न नसकिएमा त्यस कुरालाई समाचारमा उल्लेख गरिनुपर्दछ ।

सबै दृष्टिकोणलाई समेट्ने प्रयास गर्दा कार्यक्रममा कहिलेकाहीँ त्यस्ता व्यक्तिबारे पनि समाचार बनाउनुपर्ने वा त्यस्ता व्यक्तिलाई पनि अन्तर्वार्ता गर्नुपर्ने हुनसक्छ, जसको विचार दर्शक वा श्रोताका लागि आपत्तिजनक लाग्न सक्छ ।

प्रसारकहरूले निम्नलिखित कार्यहरू गर्नुपर्दछ :

- प्रश्नका सबै पक्षलाई प्रस्तुत गर्नुपर्छ र सबै दृष्टिकोणहरू समेटिएको सुनिश्चित गर्नुपर्दछ ।
- विरोधी विचारलाई गलत किसिमबाट प्रस्तुत नगरिको सुनिश्चित गर्नुपर्दछ ।
- आवश्यक भएको अवस्थामा श्रृङ्खला वा एउटै श्रृङ्खला अन्तर्गतका कार्यक्रमहरूको सङ्ख्याका सन्दर्भमा निष्पक्षता कायम गर्नुपर्दछ ।
- निष्पक्षता कायम गर्ने वैकल्पिक उपायहरूका रूपमा अनुगमन छलफल वा फोन-इन जस्ता अन्य किसिमका कार्यक्रम तयार गर्नेबारे विचार गर्नुपर्दछ ।

# तथ्य

"तथ्य सदाचार होइन । यो आवश्यकता हो ।"

तथ्य प्राप्त गर्नु गाह्रो हुन सक्छ । प्राथमिक स्रोत र अप्रत्यक्ष स्रोतबीच भिन्नता छुट्याउनु आवश्यक हुन्छ । सम्भव भएसम्म हामी घटनास्थलमा आफै उपस्थित भएर प्रत्यक्ष स्रोतबाट जानकारी सङ्कलन गर्नुपर्छ, वा त्यसो गर्न सम्भव नभएको अवस्थामा त्यहाँ उपस्थित भएका व्यक्तिसँग कुराकानी गरेर जानकारी सङ्कलन गर्नुपर्छ ।

सबै कार्यक्रमहरूका लागि गहिरो रूपमा अनुसन्धान गर्नुपर्दछ । मिति तथा पद जस्ता सामान्य कुराहरूबारे राम्ररी पुष्टि एवं पुनःपुष्टि गर्न आवश्यक हुनसक्छ ।

एकभन्दा बढी स्रोतबाट पुष्टि गराउन प्रयास गर्नुहोस् । एकभन्दा बढी समाचार समितिहरूका समाचार हेर्नुहोस् । समाचार समितिहरूको विश्वसनीयता फरक फरक हुन्छन् । एउटै स्थानीय समाचारदाता सबै प्रमुख समाचार समितिहरूको अस्थायी संवाददाता हुन सक्दछ भन्ने कुरामा सजग हुनुहोस् । सामान्यतया प्रचलित नियम के छ भने फ्रांसको समाचार समिति 'एजेन्से फोंसे प्रेसे' फ्रांसिसी भाषा बोल्ने राष्ट्रहरूमा बलियो छ । यसैगरी मध्य तथा दक्षिण अमेरिकाका स्पेनी भाषा बोलिने राष्ट्रहरू एवं स्पेन र पोर्तुगालमा स्पेनको समाचार समिति ईएफई सशक्त छ।

समाचारपत्रका कर्तनहरू प्रयोग गर्नमा होशियार हुनुहोला । तिनीहरू छिट्टै बासी हुनसक्छन् वा त्यसमा गलत जानकारी समेटिएका हुन सक्छन् । गल्ती सजिलै दोहोरिन सक्छ ।

समाचार सङ्कलकले आफूले समाचार बनाइरहेको घटनाका बारेमा घटनाको क्रमसँगसँगै टिपोटहरू लिँदै जान कोशिस गर्नुपर्छ ।

बढीचढाइ नगर्नुहोस् । जानकारीको महत्वबारे मूल्याङ्कन पनि नगर्नुहोस् ।

कार्यक्रमको रेकर्डिङ्ग समय र कार्यक्रम प्रसार गर्ने समयबीचमा अन्तर भएमा कार्यक्रमका सामग्री पुरानो भइसकेको छ वा छैन तथा कानुन तोडेको अभियोग लगाइरहेको व्यक्तिको मृत्यु जस्ता नयाँ घटनाको विकास भइसकेको छ वा छैन भन्ने कुराको जाँच गर्नुहोस् । यसैगरी कुनै कार्यक्रमको पुनःप्रसारण गरिँदैछ भने त्यसमा संशोधन आवश्यक हुनसक्छ ।

## व्यक्तिगत विचार कार्यक्रमहरू

बेलायतको बिबिसी जस्ता केही प्रसारकहरूले लामो समयदेखि व्यक्तिगत विचारलाई प्रस्तुत गर्न वा विवादास्पद तर्कलाई अगाडि बढाउनका लागि हवाइतरङ्गमा खुला पहुँच उपलब्ध गराउँदै आएका छन् ।

- कुनै कार्यक्रम व्यक्तिगत विचारसम्बन्धी कार्यक्रम भएमा यो कुराको सङ्केत अगाडि नै गरिनुपर्दछ ।
- यस्ता कुनै पनि कार्यक्रममा विरोधी दृष्टिकोणलाई गम्भीर रूपमा गलत किसिमबाट प्रस्तुत नगरिएको कुरा सम्पादकले सुनिश्चित गर्नुपर्दछ ।

सामान्यतया समाचार वा सरकारी नीतिसँग सम्बन्धित कार्यक्रमहरूमा संलग्न नियमित प्रस्तोताहरू वा समाचार सङ्कलकहरूले विवादास्पद विषयहरूमा व्यक्तिगत विचार कार्यक्रमहरू प्रस्तुत गर्नु हुँदैन ।

# अन्तर्वार्ता

पत्रकारिता तथा कार्यक्रम उत्पादनको एउटा महत्वपूर्ण साधन अन्तर्वार्ता हो ।

अन्तर्वार्ताको स्पष्ट उद्देश्य हुनुपर्छ । कोही व्यक्तिबाट तपाईं के कुरा प्राप्त गर्न चाहनुहुन्छ भन्ने कुराको स्पष्ट सोच नभएसम्म समाचारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकै नाममा कसैलाई अन्तर्वार्ताका लागि आमन्त्रण नगर्नुहोला ।

अन्तर्वार्ताहरू राम्रो जानकारीयुक्त तथा राम्रो तयारीयुक्त हुनुपर्छ ।

अन्तर्वार्ताहरू अनुसन्धानमूलक, तीखो, संशयात्मक हुनसक्छ तर पक्षपाती, अशिष्ट वा तर्कको एक पक्षतर्फ ढल्किएको देखिने हुनुहुँदैन । अन्तर्वार्ता दिने व्यक्तिलाई प्रश्नको पूरा जवाफ प्रस्तुत गर्ने स्वच्छ अवसर दिइनुपर्दछ ।

अन्तर्वार्ता दिने व्यक्तिले प्रश्नहरूबारे पहिले नै सहमति कायम नगरिएसम्म वा कुनै खास विषयलाई नहटाएसम्म अन्तर्वार्ता दिन अस्वीकार गरेमा अन्तर्वार्तालाई अगाडि नबढाउनु नै राम्रो हुन्छ ।

कुनै पनि अन्तर्वार्ता चुनौती दिनका लागि नभई जानकारी दिन, व्याख्या गर्न वा मनोरञ्जन प्रदान गर्नका लागि हुन्छन् । प्रत्यक्षदर्शीका रूपमा वा विशेषज्ञका रूपमा अन्तर्वार्ता गरिएको व्यक्तिलाई प्रोत्साहित गरिनुपर्दछ, चुनौती दिनु हुँदैन ।

## अन्तर्वार्तामा समान व्यवहार

विवादास्पद विचारहरू व्यक्त गर्नेलाई कडाइका साथ चुनौती दिनुपर्दछ । अन्तर्वार्ता उत्तेजनापूर्ण हुन गएमा उत्तेजना अन्तर्वार्ता गरिएको व्यक्तिबाट प्रकट हुनुपर्दछ, अन्तर्वार्ता लिने व्यक्तिबाट होइन । राजनीतिज्ञहरूको स्पष्ट अडान हुन्छ तर प्राज्ञहरू तथा अन्य संस्थाका पत्रकारहरू निष्पक्ष हुन्छन् भन्ने अनुमान गरिनुहुँदैन । उनीहरू निश्चित अडानसँग आबद्ध छन् भने त्यो कुरा श्रोतालाई स्पष्ट पार्नुपर्दछ ।

## अन्तर्वार्ता दिने व्यक्तिसँग स्वच्छ व्यवहार

अन्तर्वार्ता दिने व्यक्तिहरू उनीहरूलाई किन अन्तर्वार्ताका लागि बोलाइएको हो, उनीहरूलाई के के विषयमा प्रश्नहरू गर्न लागिएको छ, कार्यक्रमको सन्दर्भ के हो र यसमा उनीहरूले निर्वाह गर्ने भूमिका कस्तो हुन्छ जस्ता विषयहरू जानकारी हुनु आवश्यक हुन्छ । अन्तर्वार्ता दिने केही व्यक्तिहरूले प्रश्नहरूको विशेष विषयवस्तु के होला भन्नेबारेमा पहिले नै सोध्छन् । यो अनुरोध अनुचित होइन तर अन्तर्वार्ता आफै अन्तर्वार्ता दिने व्यक्तिको अभिव्यक्तिमा आधारित हुने भएकोले सामान्य खाकामात्र उपलब्ध गराउन सकिन्छ भन्ने कुरालाई ध्यानमा राखिनुपर्दछ । पहिल्यै वास्तविक प्रश्नहरूको विस्तृत विवरण उपलब्ध गराउनु वा निश्चित किसिमका प्रश्नहरू गरिनेछन् भन्ने वचनबद्धता दिनु सामान्यतया राम्रो हुँदैन ।

अन्तर्वार्ता दिने व्यक्तिहरूले कहिलेकाहीँ सम्भवत प्रश्नको एक निश्चित दिशालाई मोड्नका लागि अन्तर्वार्ता लिन लागिएको विषयवस्तुमा परिवर्तन गर्न कोशिस गर्न सक्छन् । उनीहरूले अल्मल्याउन कोशिस गर्न सक्छन् वा अन्तर्वार्तालाई आफ्ना विचारहरू राख्ने मञ्चका रूपमा प्रयोग गर्न सक्छन् र प्रश्नको जवाफ दिनबाट चलाखीपूर्वक छलिन खोज्छन् । धेरै हस्तक्षेप नगर्नुहोस् तर प्रश्नलाई दोहोऱ्याएर वा अन्तर्वार्ता दिने व्यक्तिलाई प्रश्नको व्याख्या गरेर तथा श्रोतालाई अघिल्लो उत्तर प्रश्नसँग सम्बन्धित किन भएन भन्ने बताएर प्रश्नलाई छल्न खोजिएको कुरालाई विस्तारै तथा भद्रताका साथ प्रकाश पारिनुपर्छ ।

कहिलेकाहीँ अन्तर्वार्ता गरिएको व्यक्तिले अन्तर्वार्तालाई प्रसारण गर्नका लागि दिइएको अनुमति फिर्ता लिन खोज्दछ । कार्यक्रम निर्मातालाई सो कार्यक्रम सार्वजनिक हितका लागि प्रस्तुत गरिनुपर्दछ भन्ने लाग्दछ भने सो कुराको जानकारी उच्च व्यवस्थापनलाई दिनुपर्दछ । यो अधिकार कार्यक्रम निर्मातासँग हुन्छ । विशेष परिस्थितिमा कहिलेकाहीँ अपवाद हुने गरे पनि सम्पादनको जिम्मेवारी भएका व्यक्तिले मात्र प्रसार हुनुपूर्व कार्यक्रम हेर्न वा सुन्नुपर्छ । कार्यक्रमको प्रस्तुतिमा निष्पक्षता तथा स्वच्छता हुनैपर्छ भने कार्यक्रमको उत्पादनमा वाह्य हस्तक्षेप हुनु हुँदैन । अन्तर्वार्ता कसरी सम्पादन गरिनुपर्छ वा प्रसारण गरिनुपर्छ भन्नेबारे अन्तर्वार्ता दिने व्यक्तिलाई निर्देशन गर्न अनुमति दिन सकिँदैन ।

## राजनीतिक अन्तर्वार्ता

कुनै राजनीतिज्ञलाई विचारका लागि अनुरोध गरिँदा उनले बोल्न अस्वीकार गरेमा वा कार्यक्रममा प्रस्तुत हुन असमर्थ भएमा यसलाई साधारणतया अन्य राजनीतिज्ञहरू वा भिन्न मत भएका अन्य वाह्य वक्ताहरूको प्रस्तुतिका लागि अवरोधका रूपमा लिइनु हुँदैन । तर यस्तो समय पनि हुनसक्छ जब कुनै खास प्रमुख वक्ताले कार्यक्रममा सहभागी हुन अस्वीकार गर्दा कार्यक्रमको प्रस्तावलाई निष्फल बनाइदिन्छ ।

कार्यक्रममा प्रस्तुत हुन नमान्ने अधिकार सबैलाई हुन्छ । प्रसारणमै अस्वीकृतिबारे उल्लेख गरिरहनु सधैँ आवश्यक हुँदैन । जे भए पनि, दर्शक/श्रोताले उचित रूपमा भिन्न विचार सुन्न चाहन सक्ने अवस्थामा वा व्यक्ति, दृष्टिकोण वा दलको प्रतिनिधित्व नभएको अवस्थामा सम्बन्धित व्यक्तिलाई 'कार्यक्रममा सहभागी हुन अनुरोध गरिएको थियो तर अस्वीकार गरियो' भन्ने जानकारी प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

राजनीतिज्ञ वा अन्य व्यक्तिहरूले कहिलेकाहीँ कार्यक्रममा सहभागी हुन सहमत हुनुपूर्व शर्तहरू राख्न कोशिस गर्दछन् । यस्ता सहमतिहरू दर्शक/श्रोताहरूले सोधिएला भनी अपेक्षा गर्नसक्ने प्रश्नहरू सोधिनबाट कार्यक्रमलाई रोक्ने खालका हुनु हुँदैन ।

राजनीतिज्ञहरू राजनीतिक क्षेत्रभन्दा बाहिरी विषयमा पनि जानकार हुनसक्छन् । उचित सम्पादकीय पृष्ठभूमिमा सार्वजनिक जीवनका कुनै विशेष व्यक्तिलाई कार्यक्रममा बारम्बार प्रयोग गरिएबाट उनका विपक्षीविरुद्ध अनुचित लाभ नपुग्ने सुनिश्चित गर्न आवश्यक होशियारी अपनाउनुपर्दछ ।

## ढोकामै पुग्नु (Doorstepping)

पत्रकारहरूले अन्तर्वार्ताका लागि पूर्व सहमति नलिइएको भए पनि समाचारमा आइरहेका मानिसहरूको घरमै पुगेर उनीहरू पस्न वा निस्कन लागेको बेलामा फेला पारेर नियमित रूपमा समाचारका लागि प्रश्न सोध्ने गर्दछन् । यो समाचार सङ्कलनको एउटा उचित पक्ष हो र यस कार्यलाई 'ढोकामै पुग्नु' (Doorstepping) भनिन्छ । समाचारमा आइरहेका मानिसहरू पत्रकारहरूद्वारा गरिने प्रश्नहरू अनपेच्छित भए पनि उनीहरूबाट प्रश्न गरिन वा रेकर्ड गरिन तयार रहनुपर्दछ ।

## सञ्चार छिनाझप्टी

कुनै व्यक्ति समाचारमा अचानक निकै छाउन थालेपछि सञ्चार संस्थाहरूले उक्त व्यक्तिको तस्वीर तथा अन्तर्वार्ताहरू लिनका लागि कोशिस गर्न पत्रकारहरूलाई उनको घरमा पठाउँछन् । परिणाम स्वरूप उनको घर बाहिर सडकमा ठूलै सङ्ख्यामा पत्रकारहरूको जमघट हुनेगर्दछ । यो कार्य तर्साउने खालको वा दखल दिने खालको हुन नहुने कुरामा विचार पुऱ्याउनु आवश्यक छ । मानिसहरूलाई बारम्बार फोन गरेर, ढोका धक्धक्याएर वा उनीहरू बाहिर जाँदा वा बाहिरबाट फर्कँदा बाटो छेकेर अस्वच्छ रूपमा कायल पार्नु हुँदैन । आफैलाई निम्नलिखित प्रश्नहरू सोध्नुहोस् :

- समाचारको विषय निजी व्यक्ति हो वा सार्वजनिक व्यक्तित्व ?
- उनी खलनायक हुन् वा पीडित वा रूचि भएको पक्ष ?
- उक्त व्यक्तिबाट अन्तर्वार्ता दिन अनिच्छा व्यक्त गरिएको छ वा एक्लै छोड्न अनुरोध गरिएको छ ?

## सांसदहरूलाई भुक्तानी

यस्तो कार्य सामान्यतया गरिँदैन । रेडियो वा टेलिभिजनमा देखापरेर राजनीतिक विचारहरू अभिव्यक्त गर्नु उनीहरूको राजनीतिक जीवनको अंश नै हो र यसका लागि भुक्तानी दिनु उपयुक्त हुँदैन । सार्वजनिक नीति, अन्तर्राष्ट्रिय घटना, दलीय राजनीति वा संवैधानिक मुद्दा जस्ता विषयहरूमा उनीहरूले प्रश्नको उत्तर दिँदा पनि यो कुरा लागू हुन्छ ।

राजनीतिज्ञहरूको योगदान उनीहरूको कर्तव्यको सामान्य परिधिभन्दा बाहिर भएमा उनीहरूलाई शुल्क भुक्तानी दिन सकिन्छ । उनीहरूलाई राति अबेला वा बिहान सबेरै वा सप्ताहान्तको समयमा सम्पर्क गरिएको छ भने उनीहरूलाई दुःख दिएबापत सानो शुल्क भुक्तानी गर्न सकिन्छ ।

कुनै पनि निर्वाचित सभामा सरकारी जिम्मेवारी वा कार्यकारी जिम्मेवारी सम्हालेर बसेका वा दलको अग्रपङ्क्तिको जिम्मेवारी लिएर बसेका राजनीतिज्ञहरूलाई भुक्तानी दिइनुहुँदैन ।

## स्रोतको सुरक्षा

स्रोतको सुरक्षा गर्नु पत्रकारिताको एउटा प्रमुख सिद्धान्त हो र यसका लागि केही पत्रकारहरू जेलसमेत गएका छन् । सर्वसाधारणले थाहा पाउनुपर्ने जानकारी कहिलेकाहीँ गोप्य स्रोतबाट मात्र प्राप्त गर्न सकिन्छ । पत्रकार तथा सार्वजनिक व्यक्तित्वहरूबीच बेला बेलामा 'अफ-द-रेकर्ड' कुराकानी हुने गर्दछ । सिद्धान्तका रूपमा स्रोतका गोप्यतालाई सम्मान नगरिएमा यसबाट प्रजातान्त्रिक समाजको दिगोपनाका लागि अत्यावश्यक सूचनाको स्वतन्त्र प्रवाहमा अवरोध सिर्जना गर्नेछ ।

अज्ञात बस्न चाहने (वा उल्लेख हुन नचाहने) कसैबाट प्राप्त भएको जानकारीको प्रयोग उक्त स्रोतलाई पत्रकारले राम्ररी चिनेको छ र भर पर्न सकिने खालको छ भने गर्न सकिन्छ । गलत वा पक्षपातपूर्ण जानकारी प्रसारण गराउनका लागि दिग्भ्रमित गरिएको हुनसक्ने सम्भावनाबाट वचन पत्रकारले उक्त जानकारीलाई अरू स्रोतबाट पुष्टि गराउन कोशिस गर्नुपर्छ ।

स्रोत वा योगदानकर्तासमक्ष गरिएको गोपनीयतासम्बन्धी वचनबद्धतालाई निर्वाह गरिनुपर्दछ । अज्ञात रहने शर्तमा जानकारी उपलब्ध गराउने व्यक्तिको पहिचान पछि भएमा प्रसारकको पत्रकारिता समस्यामा पर्न सक्छ ।

आतङ्ककारी कार्यलाई रोक्न सक्ने वा हिंसाको अभियोगमा पुर्जी काटिएका आतङ्ककारीलाई गिरफ्तार गर्नमा सघाउन सक्ने जानकारी कसैले प्राप्त गरेमा सो जानकारी सम्बन्धित निकायलाई दिनु उक्त व्यक्तिको कर्तव्य हो ।

## अज्ञातता

पत्रकारितामा सत्यता तथा इमानदारीका लागि अन्तर्वार्ता गरिएको व्यक्तिको परिचय तथा ओहोदा दर्शक/श्रोतालाई स्पष्ट हुनु आवश्यक छ । अन्तर्वार्ता गरिएको व्यक्ति वा कार्यक्रममा सहभागी भएको व्यक्तिलाई लुकाइनु वा उनको आवाजलाई नचिनिने बनाइनु भनेको उनीहरूका टिप्पणीको मूल्याङ्कन गर्नमा दर्शक वा श्रोतालाई सक्षम बनाउने प्रासङ्गिक जानकारीबाट दर्शक/श्रोतालाई वञ्चित गराउनु जत्तिकै हुन्छ । दर्शक/श्रोताले मूल्याङ्कन गर्न नसक्ने स्तरको अज्ञात योगदानकर्ताको प्रयोगबाट कार्यक्रम निर्माताको अवमूल्यन हुनसक्छ । तर अज्ञातता उपयुक्त हुनसक्ने केही अवस्थाहरू छन् :

- सुरक्षाको कारण । उदाहरणका लागि, निरङ्कुश शासनको बेलामा कसैको पहिचानबाट उनको व्यक्तिगत सुरक्षा खतरामा पर्न सक्दछ ।
- विषयवस्तु संवेदनशील छ भने, उदाहरणका लागि स्वास्थ्य ।
- कानुनी कारण ।

अज्ञातता आवश्यक भएको अवस्थामा निर्माताहरूले यो कुरा प्रभावकारी छ भन्ने निश्चित गर्नुपर्छ । तस्बीर तथा आवाज दुवैलाई नचिनिने बनाइनु आवश्यक हुनसक्छ ।

# निर्वाचनसम्बन्धी समाचार सङ्कलन

“हामी व्यक्तिको लिङ्ग, जाति, रङ्ग, आस्था वा राजनीतिक विश्वास जेसुकै भए पनि व्यक्तिमा निहित वैधानिक स्वतन्त्रतामा, सबै नागरिकहरूका लागि समान अधिकारमा तथा आफू बाँच्ने समाजको संरचना निर्माणमा स्वतन्त्र तथा प्रजातान्त्रिक प्रक्रियाको माध्यमबाट सहभागी हुने व्यक्तिको अक्षुण्ण अधिकारमा विश्वास गर्छौं” । (हरारे घोषणापत्र-१९९५ द्वारा पुनःपुष्टि गरिएको राष्ट्रमण्डलीय सिद्धान्तहरू-१९७१)

साना वा ठूला, सम्पन्न वा दरिद्र जस्तोसुकै भएपनि सबै प्रसारक संस्थाहरूले आफूले सकेको किसिमबाट स्वच्छ तथा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गराउन सहयोग गर्नु उनीहरूको सार्वजनिक कर्तव्य हो । रेडियो तथा टेलिभिजनले सुसूचित मतदाताहरू उचित छनौट गर्न सक्षम होउन् भन्ने उद्देश्यले सत्य कुरा बताएर, लुकेका वा लुकाइएका कुराबारे अनुसन्धान गरेर, पृष्ठभूमिको व्याख्या गरेर, तथ्यहरू प्रस्तुत गरेर प्रजातान्त्रिक वातावरण सिर्जना गर्नुका साथै यसको सम्बर्द्धन गर्दछ ।

निष्पक्षताप्रति प्रसारकको प्रतिबद्धताको वास्तविक परीक्षा निर्वाचन तथा निर्वाचन अभियानसम्बन्धी समाचार सङ्कलन गर्ने क्रममा हुन्छ । उद्देश्यपरकता, सत्यता, स्वच्छता, निष्पक्षता तथा सन्तुलनप्रति स्टेशनको प्रतिबद्धतालाई नजिकबाट नियाल्ने तथा लगनशीलताका साथ मूल्याङ्कन गर्ने काम विशेषगरी निर्वाचनको समयमा नै गरिन्छ ।

निर्वाचन प्रचार अभियानको समयमा आधिकारिक रूपमा मान्यता पाएका राजनीतिक दलहरू आफूले समर्थन लिन चाहेका मतदाताहरूसमक्ष आफ्ना नीतिहरूबारे सिधै व्याख्या गर्न सक्षम होउन् भन्ने उद्देश्यले लोकसेवा प्रसारकले कार्यक्रम समयको अवधि उपलब्ध गराउँछ ।

सबै दलहरूले निर्वाचनको समयमा सम्पादकीय निर्णयहरूलाई प्रभावित गर्न कोशिस गर्दछन् । कार्यक्रम निर्माताहरूले आफूलाई राजनीतिज्ञहरूबाट दबिन दिन हुँदैन । प्रशस्त मात्रामा शिकायतहरू आउन सक्छन् । राजनीतिज्ञहरूले गर्ने कुनै पनि शिकायतबारे उच्च स्तरबाट कारवाही गरिने जानकारी उनीहरूलाई दिइनुपर्दछ ।

निर्वाचनको समयमा धेरै किसिमका सिद्धान्तहरूको प्रयोग हुन्छ :

- सबै महत्वपूर्ण प्रश्नहरूका सम्बन्धमा विभिन्न दलहरूका मुख्य विचारहरू सुन्ने अधिकार सर्वसाधारण सबैलाई हुन्छ ।
- भौतिक साधन वा विशेष अवस्थितिका कारण प्रभावशाली रहेका व्यक्तिहरू वा सङ्गठित दबाब समूहहरूको नियन्त्रणमा प्रसारकहरूले आफूलाई पार्न हुँदैन ।
- विचारहरूको पूर्ण आदानप्रदान स्वतन्त्र संस्थाहरू तथा प्रजातन्त्रका सुरक्षकहरूमध्ये एउटा हो । प्रसारकको कर्तव्यको अंशका रूपमा रहेका उद्देश्यपरक समाचार सङ्कलन तथा निष्पक्षताका सिद्धान्तहरूमा वैकल्पिक नीतिहरू तथा दृष्टिकोण श्रवण गर्ने अधिकार निहित रहेको छ ।

हरेक निर्वाचनका क्रममा प्रचार अभियानमा संलग्न दलहरूलाई एउटा विस्तृत विवरण उपलब्ध गराइन्छ । उक्त विवरणमा रेडियो तथा टेलिभिजनमा व्यवस्था गरिएको निःशुल्क समय, प्रसारणका शर्तहरू तथा ध्यानमा राखिनुपर्ने प्राविधिक स्तरहरूबारे उल्लेख गरिएको हुन्छ ।

निर्वाचनको समयमा समाचारहरूसम्बन्धी निर्णयहरू प्रसारण पत्रकारहरूको समाचार मूल्याङ्कनबाट परिचालित हुनुपर्छ । प्रसारण पत्रकारहरूले सबै प्रमुख राजनीतिक दलहरूका विचारहरू, नीतिहरू तथा अभियानहरूको गहिरो जाँच गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

समाचार कर्मचारीहरूले निर्वाचन प्रसारणसम्बन्धी कानुनहरूबारे पूर्ण जानकारी राख्नुपर्दछ । दलीय निर्वाचन प्रसारण, विभिन्न राजनीतिक दलहरूलाई उपलब्ध गराउनुपर्ने प्रसार समय, निर्वाचन अवधिका क्रममा दलीय निर्वाचन प्रसारण तथा राजनीतिक विज्ञापनको अवधि तथा समय निर्धारण जस्ता कुराहरूलाई नियमित गर्ने कार्य यसमा पर्दछन् ।

सामान्य मार्गनिर्देशनका रूपमा सरकार तथा विपक्षी दलहरूलाई उनीहरूको प्रसारणका लागि बराबर समय निर्धारण गरिएको हुन्छ । दलहरू सरकारका रूपमा वा आधिकारिक विपक्षीका रूपमा गठवन्धनमा छन् भने उनीहरूलाई बराबर समयको व्यवस्था गरिन्छ । गठबन्धनभित्रका सदस्य दलहरूबीच अनुकूलता अनुसार उक्त समयलाई आपसमा कति कति बाँड्ने हो भन्ने निर्णय उनीहरू आफैले गर्नुपर्दछ ।

अल्पमतमा रहेका महत्वपूर्ण दलहरूलाई पनि अभियानका क्रममा समाचार सङ्कलनमा स्थान दिइनुपर्दछ । निर्वाचन प्रसारणका लागि उनीहरूलाई उपलब्ध गराइने समयको परिमाण सरकारमा रहेको तथा विपक्षमा रहेका प्रमुख दलहरूलाई उपलब्ध गराइने समयभन्दा कम हुनेछ तर समानुपातिक हुनेछ । क्यानाडा तथा भारत जस्ता केही राष्ट्रहरूमा यो विनियोजन निवर्तमान संसदमा उनीहरूको प्रतिनिधित्व वा पछिल्लो आम निर्वाचन वा राज्यसभा निर्वाचनमा उनीहरूको प्रदर्शनमा आधारित रहन्छ ।

प्रसारकले उपयुक्तता अनुसार राष्ट्रका प्रत्येक आधिकारिक भाषाहरूमा राजनीतिक दलहरूको प्रसारणलाई समानुपातिक रूपमा विनियोजन गर्नेछ ।

दलको निर्वाचन प्रसारणमा सम्पादकीय नियन्त्रणसम्बन्धी प्रश्नबारे स्पष्ट रूपमा उल्लेख गरिनुपर्दछ । अष्ट्रेलिया, बेलायत, क्यानाडा तथा न्यूजिल्याण्ड जस्ता राष्ट्रहरूमा दलहरूले आफ्ना निर्वाचन प्रसारण आफ्नै खर्चमा आफैले गर्दछन् र उनीहरूका सामग्रीका लागि उनीहरू आफै जिम्मेवार रहने गर्दछन् । तर उनीहरू निर्धारण गरिएका आधारभूत नियमहरू अन्तर्गत रहनुपर्दछ, जस्तै मानहानी गर्ने तथा जातीय घृणा एवं हिंसातर्फ उत्तेजना फैलाउने कुराहरूका सन्दर्भमा कानुनलाई उनीहरूले ध्यानमा राख्नुपर्छ । यसैगरी उनीहरूले आस्वादन तथा भद्रतासम्बन्धी प्रसारकको आफ्नै मार्गनिर्देशनहरूलाई पनि ध्यानमा राख्नुपर्दछ । उनीहरूका दलीय प्रसारणलाई दल तथा त्यसका नीतिहरूको आलोचनाभन्दा पृथक व्यक्तिगत आक्रमणको साधनका रूपमा प्रयोग नगरिएको पनि उनीहरूले सुनिश्चित गर्नुपर्छ । प्रसारकको विचारमा प्रसारणका लागि दिइएका कुनै सामग्री राजनीतिक विपक्षीहरूविरुद्ध अस्वीकार्य गालीगलौजसहितको अपमानजनक प्रकृतिको भएको लागेमा सो सामग्रीलाई प्रसारण नगर्ने अधिकार स्टेशनलाई हुनुपर्छ ।

प्रसारकले उत्पादनसम्बन्धी सुविधाहरू उपलब्ध गराउनुपर्ने हुनसक्छ, अन्यथा प्रसारणको प्राविधिक गुणस्तर मापदण्डभन्दा निकै न्यून हुनसक्छ ।

प्रसारकले निर्वाचनका लागि तयारीका क्रममा अपनाउनुपर्ने केही महत्वपूर्ण कदमहरू निम्नानुसार छन् :

- निर्वाचनको समयभन्दा निकै अगाडि नै अभियानका लागि योजनाहरू तयार गर्नका लागि स्टेशनका सबैभन्दा पोख्त पत्रकारहरूसहितको निर्वाचनसम्बन्धी विशेष इकाई तयार गर्नुहोस् । उक्त इकाईको बैठक थालनीमा साप्ताहिक रूपमा तथा अभियानको समय नजिक आउन थालेपछि बेला बेलामा गरी नियमित रूपमा बस्नुपर्दछ । निकै सानो स्टेशनका सन्दर्भमा यस्तो समिति एक सदस्यीय पनि हुनसक्छ तर आकार जत्रोसुकै भए पनि उपयुक्त योजना निर्धारण हुने कुरा यसले सुनिश्चित गर्नेछ ।
- पूर्व निर्वाचन अवधिमा निर्वाचन टोलीलाई प्रशिक्षण दिनुहोस् । उक्त टोलीको नेतृत्व एक जना अनुभवी वरिष्ठ पत्रकारबाट भएको कुरा सुनिश्चित गर्नुहोस् । निर्वाचन नजिकिँदै आएपछि निश्चित रूपमा उक्त टोलीलाई विस्तार गरिनेछ ।
- समाचार सङ्कलनसम्बन्धी मार्गनिर्देशन तयार गर्नुहोस् । यसमा सन्तुलन कायम गर्ने, उक्त सन्तुलनलाई अनुगमन गर्ने, अप्रजातान्त्रिक रूपमा काम गर्न दिइने दबाबको प्रतिरोध गर्ने तथा निश्चित रूपमा दलहरूबाट आउने शिकायतहरूको उत्तर दिने जस्ता कुराहरू समावेश गर्नुहोस् ।
- सबै पक्षबाट निर्वाचन प्रसारणका लागि सहमतियुक्त आधारका रूपमा यी मार्गनिर्देशनहरू प्रयोग गर्ने स्वीकृति प्राप्त गर्नुहोस् । सबै भन्नाले सूचना मन्त्रालय, प्रमुख राजनीतिक दलहरू तथा निर्वाचन सञ्चालनका लागि जिम्मेवार आधिकारिक निकाय पनि पर्दछन् । यससन्दर्भमा असहमतिहरू भएमा निर्वाचनको गर्मी छाउनुभन्दा पहिल्यै स्थिति सामान्य रहेको समयमा नै ती कुराहरूको समाधान गरिनु राम्रो हुन्छ ।
- यी मार्गनिर्देशनहरू प्रकाशित गर्नुहोस् । यसलाई समाचारपत्रहरूमा वा पत्रिकामा पर्चाका रूपमा, इन्टरनेटको वेबसाइटमा प्रकाशित गर्न सकिन्छ भने रेडियो वा टेलिभिजनमा प्रसार गर्न सकिन्छ । यसको प्रचार जति बढी गरियो, प्रजातान्त्रिक प्रक्रियामा तपाईंले निर्वाह गरिरहनुभएको भूमिकाबारे राष्ट्रलाई सम्झाउन त्यति नै सजिलो हुनेछ ।
- के के कार्यक्रमहरू उत्पादन गरिनेछन्, तिनीहरूका ढाँचा कस्ता कस्ता हुनेछन्, कुन कुन मुद्दाहरूबारे वर्णन गरिनेछन्, प्रतिद्वन्द्वी उम्मेदवारहरू सहभागी हुने कार्यक्रमहरूमा के के नियमहरू लागू गरिनेछन् जस्ता कुराहरू समेटिएको समष्टिगत निर्वाचन कार्यक्रम तयार गर्नुहोस् । यस कार्यक्रमसम्बन्धी जानकारी निर्वाचनसम्बन्धी निकाय, राजनीतिज्ञहरू तथा श्रोता/दर्शकलाई दिनुहोस् । जहाँ जहाँबाट सम्भव हुन्छ, यसबारे सम्मति लिनुहोस् ।
- निर्वाचनको परिणामलाई अनुगमन गर्नका लागि विस्तृत प्रणालीको व्यवस्था गर्नुहोस् । अभियानको प्रत्येक विन्दुमा त्यस विन्दुसम्म कार्यक्रमको सन्तुलन कायम

भएको छ कि छैन भन्ने मूल्याङ्कन गर्न तथा त्यसपछि निस्कने परिणामसँग त्यस सन्तुलनलाई सम्बन्धित बनाउन सक्षम हुनुहोस् । स्वच्छता कायम गर्नका लागि परिणाममा समायोजन गर्न आवश्यक हुनसक्छ । सम्पादकहरूले प्रत्येक बुलेटिनको मूल्याङ्कन गर्नुपर्दछ र सामान्य पत्रकारिता न्यायबाट छल्नै नसकिने अस्थायी असन्तुलन सिर्जना भएको अवस्थामा पछि आएका परिणामका आधारमा सकेसम्म चाँडो उक्त असन्तुलनमा सुधार गर्नुपर्दछ । प्रत्येक बुलेटिन/समाचार कार्यक्रम प्रसारण गरिएपछि त्यसमा प्रसार गरिएका निर्वाचनसम्बन्धी प्रत्येक कार्यक्रमसम्बन्धी आधारभूत विवरण उल्लेख गर्नका लागि एउटा ठूलो भित्तेपाटीको व्यवस्था गर्नु यसका लागि प्रभावकारी उपाय हो ।

- श्रोता/दर्शकलाई जानकार बनाउनुहोस् । मतदाता शिक्षासम्बन्धी जिम्मेवारी ठूलो मात्रामा प्रसारकहरूको काँधमा रहेको हुन्छ । मतको महत्व हुन्छ, राजनीतिको महत्व हुन्छ, राजनीति भनेको उनीहरूको जीवन, उनीहरूको स्वास्थ्य, उनीहरूको शिक्षा, उनीहरूको संस्कृति, उनीहरूको सुरक्षा, उनीहरूको भविष्यसँग सम्बन्धित कुरा हो भन्ने ज्ञानलाई सर्वसाधारणसम्म सञ्चार माध्यमले पुऱ्याउनुपर्दछ । प्रजातान्त्रिक वातावरणको सिर्जना भनेको गहन बौद्धिक अभ्यास हुनुपर्छ भन्ने छैन ।
- केही राजनीतिज्ञहरू पट्टाइलाग्दा हुन्छन् भने उनीहरू सञ्चार कार्यमा पनि कमजोर हुन्छन् । हरेक राष्ट्रमा सबै दलका अग्रपङ्क्तिका नेताहरूमध्ये धेरैजसो नराम्रा प्रसारक हुन्छन् । तर कतिपय राष्ट्रहरूमा राजनीतिज्ञहरूलाई टेलिभिजन तथा रेडियोका लागि तयार गरिएका हुन्छन् । सम्भव भएसम्म सबैभन्दा राम्ररी सञ्चार गर्नसक्ने राजनीतिज्ञहरूलाई कार्यक्रमहरूमा सहभागी हुन निमन्त्रणा गरिनुपर्दछ ।

## सन्तुलन कसरी कायम गर्ने ?

यो आधारभूत रूपमा राम्रो न्याय गर्नुसँग सम्बन्धित कार्य हो । निर्वाचनसम्बन्धी समाचार सङ्कलनका सन्दर्भमा बिबिसीले उपलब्ध गराएका सुझावहरू यहाँ प्रस्तुत गरिएका छन् :

- दैनिक समाचार पत्रिका कार्यक्रमहरूले .... अभियानको प्रत्येक साताको क्रममा प्रमुख दलहरूसम्बन्धी समाचार सङ्कलनमा उपयुक्त तथा स्वच्छ सन्तुलन कायम गर्नैपर्छ ।
- प्रत्येक 'स्ट्राण्ड' (उदाहरणका लागि, मानिसहरू कामबाट घर फर्कने समय साँझपख रेडियोमा प्रसार गरिने कार्यक्रम) सोही साताभित्र आफ्ना लक्षित वर्गसम्म पुग्नका लागि जिम्मेवार हुन्छ र दिनको अन्य कुनै समयमा प्रसार गरिने कार्यक्रम (उदाहरणका लागि, बिहान नास्ता गर्ने बेला प्रसार गरिने कार्यक्रम) मा भर पर्न सक्दैन ।
- एउटै कार्यक्रम व्यक्तिगत अङ्क बनेर सन्तुलनबाट नराम्ररी बाहिर जानसक्ने सम्भावनालाई निराकरण गरिनुपर्दछ । कुनै दिन समाचारका अंशहरूमा एउटा दलको प्रभावलाई चाहेर पनि रोक्न सकिँदैन (उदाहरणका लागि, उक्त दलले घोषणापत्र प्रकाशमा ल्याउँदा) तर यस्तो अवस्थामा अन्य दलहरूले घोषणापत्र लोकार्पण गर्दा

पनि सम्बन्धित दिनहरूमा त्यतिकै महत्वका साथ समाचार प्रस्तुत गरिने सुनिश्चितता कायम गर्न होशियारी अपनाउनुपर्दछ ।

- निर्वाचनसम्बन्धी सामग्रीलाई समेट्ने विविधतापूर्ण प्रत्येक कार्यक्रममा प्रत्येक प्रमुख दलहरूसम्बन्धी कम्तीमा एउटा सामग्री समावेश गरिनुपर्दछ ।
- समयको अन्तरालमा सन्तुलन कायम गरिएको छ भन्ने कुरा दर्शक/श्रोताहरूलाई स्पष्ट पार्नका लागि एउटा वा अर्को दलमा केन्द्रित दैनिक श्रृङ्खलाबद्ध कार्यक्रम अन्तर्गतका श्रृङ्खलाहरू वा साप्ताहिक कार्यक्रमहरू अगाडि तथा पछाडि जानुपर्दछ ।

## स्वच्छ सामग्री प्रस्तुति

समाचारलेखन कक्षका लेखकहरू वा समाचारदाताहरूले आफ्ना राजनीतिक विचार अभिव्यक्त गर्न नपाउने नियम रेडियो स्टेशनमा हुनुपर्छ । समाचार तथा टिप्पणीलाई पृथक रूपमा लिइनुपर्दछ । केही राष्ट्रहरूमा पत्रकारहरूलाई एक वा अर्को राजनीतिक दलसँगको सम्बद्धताका आधारमा चिनिन्छन् । यसबाट उनीहरूको विश्वसनीयता तथा उनीहरूको स्टेशनको विश्वसनीयता पूर्ण रूपमा ध्वस्त हुन पुग्दछ ।

'स्वच्छ' को अर्थ 'समान' हो ? यस द्विविधालाई दक्षिण अफ्रिकाको दक्षिण अफ्रिकी प्रसारण संस्था (SABC) ले कसरी समाधान गरेको छ भन्ने यहाँ दिइएको छ :

- एसएबीसीले सम्पूर्ण दलहरू तथा दृष्टिकोणहरूलाई समान रूपमा लिनेछ । तर यसको अर्थ हामीले राष्ट्रिय वा प्रान्तीय सरकारमा स्थान हासिल गर्नका लागि प्रयासरत सानो एक व्यक्तीय दलहरू तथा गम्भीर दलहरूलाई उत्तिकै महत्व प्रदान गरेर हाम्रा समाचार मूल्यहरू तथा प्रक्रियालाई बिगार्नेछौँ भन्ने होइन । सरकारमा स्थान प्राप्त गर्नका लागि प्रयासरत गम्भीर पक्षहरूसम्बन्धी विस्तृत सामग्री प्रस्तुतिको आशा गर्ने अधिकार मतदाताहरूलाई हुन्छ ।
- समयको अन्तरालमा समानुपातिक व्यवहार हासिल गरिन्छ । एउटै कार्यक्रममा यस्तो गर्नु सम्भव हुँदैन । यस्को अर्थ यो पनि हो कि एउटै कार्यक्रममा देखापर्ने अधिकार सबै दलहरूलाई हुँदैन ।
- हामी प्रतिस्पर्द्धी दलहरू तथा भिन्न विचारहरूप्रति निरपेक्ष रहनेछौँ ।
- हामी सूचनाहरूको प्राप्तिका लागि दलहरूमा मात्र निर्भर नरही आफै जानकारीहरू हासिल गर्नमा पनि सक्रिय रहनेछौँ । यसो गर्नमा हामी असफल भएको अवस्थामा हाम्रो प्रस्तुति धेरै साधनस्रोतसहित ती दलहरूको पक्षमा ढल्किन पुग्नेछ ।

दक्षिण अफ्रिकी विकास समुदायमा प्रसारकहरू स्वतन्त्र उम्मेदवारहरूलाई पनि बराबर समय उपलब्ध गराउन सहमत भएका छन् । उनीहरूको आचारसंहितामा निम्नलिखित कुराहरू उल्लेख गरिएका छन् :

- दलका तर्फबाट उठेका भए पनि वा स्वतन्त्र रूपमा उठेका भए पनि सम्पूर्ण उम्मेदवारहरूलाई उत्तिकै समय दिने जिम्मेवारी प्रसारकहरूको हुन्छ ।

आम निर्वाचन अभियानमा राष्ट्रपति वा प्रधानमन्त्री जस्ता वरिष्ठ राजनीतिज्ञहरूले राजनीतिक लाभका लागि घटनाहरूलाई आफ्नो हितमा प्रयोग गर्न कोशिस गर्ने जोखिम रहन्छ । उनीहरूले मन्त्रीहरू संलग्न भएका कार्यक्रमहरूलाई निर्वाचनसम्बन्धी अतिरिक्त प्रसारण अवसरका रूपमा परिणत गर्न कोशिस गरिरहेका हुन्छन् । धेरै राष्ट्रहरूमा प्रमुख समस्याका रूपमा देखिएको यस प्रवृत्तिले रेडियो तथा टेलिभिजन दुवैमा निर्वाचनसम्बन्धी सामग्री प्रस्तुतिको सन्तुलनलाई नराम्ररी बिगार्दछ । सञ्चार माध्यमले दैनिक औपचारिक कार्यक्रमहरूलाई राजनीतिक पूँजीमा रुपान्तरित गर्न सघाउने छैन भन्ने कुरा उच्च स्तरसम्मका सम्पूर्ण उम्मेदवारहरूलाई निर्वाचन हुनुभन्दा पहिले नै स्पष्ट गरिनुपर्दछ । आफ्नो दैनिक कार्यक्रमहरूको उपयोग गर्न चाहने राजनीतिज्ञहरूले ती कार्यक्रमहरूसम्बन्धमा समाचार तयार गरिएको पाउनेछन् तर त्यसमा निर्वाचनसम्बन्धी कुनै पनि वक्तव्यहरू हुने छैनन् ।

उदाहरणका लागि, अष्ट्रेलियामा प्रधानमन्त्रीले राष्ट्रिय चासोको विषयमा राष्ट्रलाई सम्बोधन गर्न समयका लागि अनुरोध गर्नुभयो भने उहाँले राष्ट्रिय प्रसारक अष्ट्रेलियन प्रसारक संस्था (एबीसी) लाई लिखित अनुरोध गर्नुपर्दछ । एबीसीले उक्त अनुमति प्रदान गर्न सक्छ तर प्रधानमन्त्रीको अनुरोध दलीय राजनीतिक चरित्रको भएको प्रसारकलाई लागेमा उक्त सम्बोधनको उत्तर दिने अवसर विपक्षीको नेतालाई पनि उपलब्ध गराउने अधिकार सो अनुमतिसँगै गाँसिएको हुन्छ ।

## दलीय राजनीतिक प्रसारण

दलीय राजनीतिक प्रसारणका सामग्रीहरू प्राथमिक रूपमा प्रसारणमा संलग्न दलको हुने भएकोले यसमा निष्पक्षता हुनु आवश्यक छैन । प्रसारक भने प्रकाशकका रूपमा उक्त प्रसारणका लागि जिम्मेवार नै रहन्छ, त्यसैले उनले प्रसारणमा संलग्न दललाई उनको सामग्रीलाई कानुन, आस्वाद तथा सत्यताको उपयुक्त मापदण्ड अनुरुप बनाउन लगाउँदछ । यस्ता प्रसारणहरूका लागि अनुमति दिँदा निष्पक्षता अपनाइएको देखिनु अनिवार्य छ ।

## मत सर्वेक्षण

निर्वाचन अभियानका क्रममा आम मत सर्वेक्षणलाई उपेक्षा गर्न मिल्दैन तर यिनीहरूलाई निकै होशियारीपूर्वक लिइनुपर्दछ । कुनै दलले तथाकथित मत सर्वेक्षण प्रकाशमा ल्याएर लोकप्रियताको प्रभाव सिर्जना गर्दै निर्णय गरी नसकेका मतदाताहरूलाई आफ्नो पक्षमा ल्याएर आफ्नो स्थितिलाई बलियो बनाउन कोशिस गर्न सक्छ ।

मतदाताहरूको मनसायसम्बन्धी सर्वेक्षणका निष्कर्षहरूसम्बन्धमा समाचार तयार गर्दा उक्त सर्वेक्षण कसले कार्यान्वयन गरेको हो, कसले कार्यान्वयन गर्न लगाएको हो, कहिले कार्यान्वयन गरिएको हो र सो कार्यमा कति दिन लाग्यो जस्ता जानकारीहरू उल्लेख गर्नुहोस् ।

समाचार बुलेटिन वा कार्यक्रमको शीर्ष सामग्रीका रूपमा सर्वेक्षण परिणामहरूलाई राखिनु हुँदैन । मतदाताहरूको मनसाय कस्तो छ भन्ने कुरा देखाउने भएकोले यिनीहरू प्रायः रुचिकर नै हुन्छन् । चित्तबुझ्दो खालको व्याख्या बिना आम प्रवृत्तिलाई अस्वीकार गर्ने सर्वेक्षणलाई शङ्कास्पद रूपमा तथा होशियारीपूर्वक व्यवहार गरिनुपर्दछ ।

मतदान गरेर निस्केपछि गरिने सर्वेक्षण (Exit polls) मतदानको दिनमा गरिन्छ र यसमा मतदान केन्द्रबाट फर्कन लागेका मानिसहरूलाई उनीहरूले कसरी मतदान गर्नुभयो भन्ने प्रश्न गरिन्छ । यस किसिमका मतदानले परिणामको अनुमान सही रूपमा गर्ने सम्भावना हुन्छ तर होस् गर्नुहोस् - यिनीहरू कहिलेकाहीँ गलत पनि हुनसक्छन् ! सर्वेक्षणका पूर्वानुमानहरूसम्बन्धमा समाचार तयार गर्दा होशियारीपूर्ण भाषा प्रयोग गरिनुपर्दछ । जस्तै, "अ वा आ स्थान हासिल गरेर क वा ख दल सबैभन्दा ठूलो दल बन्ने सम्भावना देखिएको छ ।"

# स्वार्थको द्वन्द्व

निष्पक्षता तथा उद्देश्यपरकतासम्बन्धमा प्रसारकको प्रतिष्ठा महत्वपूर्ण हुन्छ । कार्यक्रमहरू तथा सेवाहरूको सच्चरित्रता सर्वसाधारणले विश्वास गर्ने खालको हुनुपर्छ । संस्थाका प्रत्येक कर्मचारीहरूले कामका क्रममा तथा काममा नहुँदा प्रदर्शन गर्ने सच्चरित्रताले नै वास्तवमा त्यस संस्थाको सच्चरित्रतालाई आकार दिएको हुन्छ । कार्यक्रम निर्माता वा प्रस्तोताको वाह्य क्रियाकलापबाट प्रसारकको निष्पक्षता छायाँमा पर्दैन भन्ने कुरामा श्रोता/दर्शक विश्वस्त हुनु आवश्यक छ । सम्पादकीय निर्णय लिनमा तथा कार्यक्रम निर्माणमा संलग्न कोही पनि अनुपयुक्त वाह्य वचनबद्धताबाट बाँधिएका छैनन् भन्ने कुरामा प्रसारक ढुक्क हुनसक्नुपर्छ । पारिवारिक स्थिति तथा गाढा व्यक्तिगत सम्पर्कले स्वार्थको द्वन्द्व सिर्जना गर्ने सम्भावना छ वा छैन भन्ने कुरामा पनि उनीहरूले विचार गर्नुपर्छ ।

## प्रस्तोताहरू तथा संवाददाताहरू

प्राथमिक रूपमा प्रस्तोता तथा संवाददाताका रूपमा सर्वसाधारणबीच परिचितहरू निष्पक्ष देखिनुपर्दछ । स्वच्छता, निष्पक्षता तथा सच्चरित्रतासम्बन्धी प्रसारकको प्रतिष्ठामा नकारात्मक प्रभाव पार्न सक्ने वाह्य स्वार्थ वा वचनबद्धता ती प्रस्तोताहरू तथा संवाददाताहरूमा हुनु हुँदैन । उनीहरूका कुनै पनि लेखन, भाषण तथा अन्तर्वार्ता जस्ता कार्यले उनीहरूको प्रसारणको उद्देश्यमाथि शङ्का सिर्जना गराउनु हुँदैन । प्रस्तोताहरू तथा संवाददाताहरूले विवादास्पद विषयमा प्रसारणभन्दा बाहिर व्यक्तिगत विचार अभिव्यक्त गरेमा प्रसारणका क्रममा उनीहरूको भूमिकाबारे गम्भीर रूपमा शङ्का उठ्न सक्छ । लेखहरू लेख्ने, भाषण गर्ने वा अन्तर्वार्ता दिने जस्ता वाह्य क्रियाकलापहरूमा संलग्न हुँदा उनीहरू निम्नलिखित कामहरू नगर्न सचेत हुनु जरुरी हुन्छ :

- कुनै राजनीतिक दललाई उनीहरू कसरी मत दिन्छन् वा समर्थन गर्छन् भन्ने उल्लेख गर्नु,
- तत्कालीन राजनीतिक विवादको विषय भइरहेको कुनै पनि नीतिविरूद्ध वा समर्थनमा विचार अभिव्यक्त गर्नु,
- तत्कालीन विवादको विषयवस्तुसम्बन्धी खास स्थितिबारे वकालत गर्नु,
- सार्वजनिक नीतिमा परिवर्तनका लागि आह्वान गर्नु ।

## व्यापारिक, व्यावसायिक वा वित्तीय स्वार्थ

कुनै पनि कार्यक्रम निर्माता, पत्रकार वा प्रस्तोताको व्यापारिक, व्यावसायिक वा वित्तीय स्वार्थबाट स्टेशनको सच्चरित्रता छायाँमा पर्न नहुने कुरा निकै महत्वपूर्ण छ । कार्यक्रमको विषयवस्तुको प्रस्तुति वा सामग्रीको छनौट व्यापारिक वा वित्तीय स्वार्थबाट प्रभावित रहेको छ भन्ने कुनै पनि प्रतिक्रिया कहिल्यै पनि आउनदिनु हुँदैन ।

स्वार्थको द्वन्द्वका रूपमा लिन सकिने कुनै स्वार्थ कार्यक्रम निर्माता, पत्रकार तथा प्रस्तोताहरूमा भएमा उनीहरूले पहिल्यै घोषणा गर्नुपर्दछ :

- संस्थाभन्दा बाहिरका लागि, विशेषगरी सञ्चार माध्यमसँग व्यावसायिक सम्बन्ध भएकाहरूका लागि निर्देशनसम्बन्धी कुनै कार्य वा परामर्श सेवा ।
- स्वार्थको द्वन्द्व सिर्जना गर्नसक्ने कुनै उल्लेखनीय हिस्सेदारी, ऋण (धितोबाहेक) वा वित्तीय वचनबद्धता ।
- सञ्चार माध्यमसम्बन्धी कम्पनीहरूमा कुनै हिस्सेदारी वा सुरक्षण । निकै वरिष्ठ अधिकारीहरूलाई अन्य प्रसारक वा सम्बन्धित संस्थाहरूको कुनै वित्तीय स्वार्थमा हानी पुऱ्याउन अनुरोध गरिन सकिन्छ ।

## व्यक्तिगत लाभ वा उपहार

वित्तीय समाचारका लागि काम गरिरहेका कसैले वित्तीय वा व्यावसायिक समाचार सङ्कलनका क्रममा बजारमा आउनुभन्दा अघिको व्यापारसम्बन्धी कुनै प्राप्त जानकारीहरूलाई कुनै पनि हालतमा प्रयोग गर्नु हुँदैन । यो अनैतिक कुरा हो ।

आफ्ना पत्रकारितासम्बन्धी कामका सन्दर्भमा सम्बन्ध भएका संस्था वा मानिसहरूबाट आफ्नो लागि वा आफ्नो परिवारका सदस्यका लागि व्यक्तिगत उपहार वा लाभहरू कसैले पनि स्वीकार्नु हुँदैन । स्वीकार्न नहुने कुराहरूमा उपहारहरू, सामानहरू, छुट, सेवा, नगद, ऋण, बक्सिस वा सामान्य व्यावसायिक आतिथ्यभन्दा बाहेकका वाह्य मनोरञ्जन पर्दछन् । यस्ता लाभहरूको प्राप्तिबाट स्वार्थको द्वन्द्व सिर्जना हुनसक्छ ।

## प्रसारण प्रतिभा र व्यावसायिक विज्ञापन

विज्ञापन संस्थाहरू तथा कम्पनीहरूले आफ्ना उत्पादनहरूको सिफारिशका लागि कार्यक्रम प्रस्तोताहरूलाई बढ्दो रूपमा प्रयोग गर्न चाहिरहेका छन् । कार्यक्रम प्रस्तोताहरूले यस सन्दर्भमा केही सामान्य रूपमा स्वीकार्य सिद्धान्तहरूलाई पालना गर्नुपर्दछ ।

- उनीहरू संलग्न भएका कुनै पनि विज्ञापन अभियानले सर्वसाधारणबीच उनीहरूको स्टेशनको उद्देश्यमाथि भ्रम सिर्जना गराउन हुँदैन ।
- उनीहरूले प्रस्तुत गर्ने कार्यक्रममा ती उत्पादनसम्बन्धी सामग्री, समीक्षा वा छलफल समावेश गरिनु हुँदैन ।
- कुनै पनि प्रस्तोताले विज्ञापन वा इन्टरनेट विज्ञापनमा कुनै उत्पादन वा सेवाप्रति सहमति जनाउँदा आफ्ना प्रसारणकालीन भूमिकाको नकल गर्नु हुँदैन ।
- केही कार्यक्रमहरूमा वा कुनै एउटा श्रृङ्खलामा मात्र काम गरेका प्रस्तोताका तुलनामा लामो समयदेखि स्थापित प्रस्तोताका सन्दर्भमा थप कडा नियमहरू लागू हुन सक्छन् ।

## समाचार तथा समसामयिक गतिविधिसम्बन्धी प्रस्तोताहरू, उपभोक्ता कार्यक्रम प्रस्तोताहरू

समाचार प्रस्तोताहरू वा संवाददाताहरूले वाह्य कम्पनीहरूका कुनैपनि प्रवर्द्धन, समर्थन वा विज्ञापनमा सहभागिता जनाउनु हुँदैन । यही नियम उपभोक्ता कार्यक्रमहरूका प्रस्तोताहरूमा पनि लागू हुन्छ, किनभने कुनै दिन समाचार सन्दर्भमा गाभिँदैन भन्नेबारे निश्चित हुन सकिने खालका कुनै पनि उत्पादन वा सेवाहरू छैनन् । आफ्ना काममा प्रभाव पार्नसक्ने कुनै पनि व्यक्तिगत स्वार्थ छन् भने त्यसबारे पूर्व जानकारी दिनु प्रस्तोताहरू वा संवाददाताहरू, निर्माताहरू तथा स्वतन्त्र कर्मचारीहरूको कर्तव्य हो ।

## राजनीतिक क्रियाकलापहरू

प्रसारण संस्थाका केही कर्मचारीहरू राजनीतिक क्रियाकलापमा संलग्न हुन चाहन सक्छन् । निश्चित स्थितिहरूमा यस किसिमका चाहनाप्रति कुनै आपत्ति नहुन सक्छ । विचार गर्नुपर्ने मुख्य कुराहरू निम्नानुसार छन् :

- संलग्न राजनीतिक संलग्नताको स्तर (उम्मेदवार वा सम्भावित उम्मेदवारका रूपमा सार्वजनिक रूपमा परिचित, राजनीतिक दलको कार्यालय सम्हाल्ने, राजनीतिक विवादका सम्बन्धमा दलका तर्फबाट सार्वजनिक रूपमा बोल्ने, वा पुस्तकमा, लेखमा, सम्पादकलाई चिठ्ठीमा लेख्ने, कुनै विषयबारे एकपक्षीय विचार प्रवर्द्धन गर्ने भएमा) । लोकसेवा प्रसारकका रूपमा उनीहरूको कामसँग यिनीहरूको मेल नहुन सक्छ ।
- प्रसारण संस्थामा व्यक्तिको कामको प्रकृति र स्तर ।
- सम्पादकीय निर्णय-प्रक्रियामा संलग्नताको हद । अन्य कर्मचारीहरूको तुलनामा समाचार तथा समसामयिक गतिविधिसम्बन्धी कार्यक्रमका कर्मचारीमाथि कडा नियम लागू हुन्छ ।

## आम निर्वाचनमा उम्मेदवारी

कर्मचारीहरूमध्ये कोही निर्वाचनमा उम्मेदवारीका लागि छनौट भएको अवस्थामा बिबिसीको नियम अनुसार उक्त व्यक्ति राजनीतिक मुद्दाहरूसँग सम्बन्धित कुनै पनि कार्यक्रम क्षेत्रमा काम गर्न पाउँदैन । निर्वाचनको घोषणा गरिएपछि उक्त कर्मचारीलाई छ साताको अवैतनिक बिदा उपलब्ध गराइन्छ । बिबिसीले उक्त व्यक्तिको निर्वाचन अभियानमा सघाइरहेको छ भन्ने आरोपनआओस भन्ने उद्देश्यले यसो गरिन्छ ।

# फोन–इन कार्यक्रम

टेलिफोनको प्रयोगबाट सर्वसाधारणलाई उनीहरूका दृष्टिकोण प्रस्तुत गर्न वा कार्यक्रमहरूमा प्रत्यक्ष अन्तरक्रिया गर्न अवसर उपलब्ध गराएर कार्यक्रमहरूलाई थप सशक्त बनाउन सकिन्छ । फोन इन कार्यक्रमहरू व्यक्तिगत दृष्टिकोणहरू प्रसारण गर्नका लागि तथा श्रोता एवं दर्शकहरूलाई राजनीतिज्ञ तथा अन्य सार्वजनिक व्यक्तित्वहरूसमक्ष प्रश्न राख्ने अवसर प्रदान गर्नका लागि स्वीकृत तथा महत्वपूर्ण माध्यमका रूपमा रहेको छ । तथ्यगत तथा मनोरञ्जनात्मक दुवै किसिमका कार्यक्रमहरूले फोन-इन कार्यक्रमहरूलाई व्यक्तिगत योगदान गराउन वा सर्वसाधारणबाट तत्काल प्रतिक्रिया प्राप्त गर्नका लागि प्रयोग गर्दछन् ।

- फोन-इन कार्यक्रमहरू सामान्यतया प्रत्यक्ष प्रकृतिका हुन्छन् । यसको उद्देश्य स्वाभाविक रूपमा प्रस्फुटित गराउनु हो ।
- फोन गर्नेहरूले छाडा टिप्पणी गरेर, असभ्य आधारहीन आरोप लगाएर वा शिष्टतासम्बन्धी अनुशासनको खुला उल्लङ्घन गरेर कानुन तोड्नसक्ने सम्भावनाप्रति कार्यक्रम निर्माता निरन्तर रूपमा सजग रहनुपर्दछ ।
- जोखिम न्यूनीकरणका लागि फोन गर्ने व्यक्तिहरूलाई कार्यक्रममा सम्मिलित गराउनुपूर्व स्टेशनका कर्मचारीहरूले उनीहरूको छनौट गर्न सक्ने प्रणालीको व्यवस्था स्टेशनमा हुनु आवश्यक छ । फोन गर्नेहरूलाई सामान्यतया सिधै प्रसारणमा सहभागी गराउनु हुँदैन ।
- फोन-इन कार्यक्रम सङ्गठित दबाब समूहहरू वा असभ्य अनुत्तरदायी व्यक्तिहरूको केन्द्र वा मञ्च नबनोस् भन्ने कुरा पनि कर्मचारीहरूले सुनिश्चित गर्नुपर्छ ।

प्रस्तोता/संयोजकले स्वच्छता, निष्पक्षता तथा सन्तुलन कायम गर्न एवं विभिन्न किसिमका विचारहरू प्रसारण भएको सुनिश्चित गर्नका लागि विशेष ध्यान पुऱ्याउनुपर्दछ । अप्ठ्यारो स्थिति सिर्जना भएमा नम्रतापूर्वक तथा दृढतापूर्वक फोन गर्ने व्यक्तिको कुराकानीलाई छोट्याउँदै कार्यक्रमलाई बचाउन पनि उनीहरू सक्षम हुनुपर्छ ।

केही प्रसारकहरूले फोन-इन कार्यक्रमका श्रोताहरूलाई पृष्ठ जानकारीहरू उपलब्ध गराउँछन् र फोन-इन कार्यक्रम वा अन्य कार्यक्रममा समेटिएका समस्याहरूका लागि अतिरिक्त सुझाव तथा सहयोग उपलब्ध गराउन तथा अनुगमन गर्नका लागि टेलिफोन हेल्पलाइनहरू पनि प्रयोग गर्दछन् । तथ्यपत्रहरू, पुस्तिकाहरू तथा टेलिफोन हेल्पलाइन जस्ता विभिन्न किसिमका सेवाहरू उपलब्ध छन् । प्रसारकले कुनै विशेष संस्था, सहयोग संस्था वा निकाय, उत्पादक वा आपूर्तिकर्ताको प्रवर्द्धन नहोस् भन्नेबारे सतर्कता अपनाउनुपर्दछ । सम्भव भएको अवस्थामा सहयोग वा सुझाव उपलब्ध गराउन सक्ने विभिन्न संस्थाहरूको विवरण उपलब्ध गराउनुहोस् ।

## भोक्स पप्स (सर्वसाधारणका विचारका टुक्राहरू)

भोक्स पप्स भनेको व्यापक सार्वजनिक विचारको सङ्केत होइन तर चर्चामा रहेका मुद्दाका भिन्नाभिन्नै पक्षलाई सडकका महिला तथा पुरुषका आवाजका माध्यमबाट अभिव्यक्त गराउनमा

यिनीहरूको आफ्नै महत्व छ । यिनीहरू एउटा दृष्टिकोणको अभिव्यक्ति हो र कुनै पक्षमा विचार कति गह्रौं छ भन्ने कुराको सङ्केत होइन भन्ने कुरा भने स्पष्ट गरिनुपर्दछ । राजनीतिक प्रश्नहरूका सन्दर्भमा निकै होशियारी अपनाउनुपर्दछ र मुद्दाका दुवै पक्षलाई समेटिएको छ भन्ने सुनिश्चित गर्ने शैलीमा विभिन्न आवाजका टुक्राहरू सङ्कलन गरिनुपर्दछ ।

हचुवाका आधारमा सङ्कलन गरिएका मानिसहरूका भनाइहरूलाई निश्चित विषयमा प्रचलित विचारको विभिन्नता र ढाँचाको चित्रण गर्नका लागि मात्र प्रस्तुत गर्नुपर्दछ । यस्तो सर्वेक्षणमा प्रस्तुत गरिएका विचारहरूले व्यापक सार्वजनिक विचार प्रतिविम्बित गर्दछ भन्ने कुनै सुझाव प्रत्यक्ष वा परोक्ष रूपमा प्रस्तुत गरिनु हुँदैन ।

# कार्यक्रममा धर्म

ईश्वरमा विश्वास गर्ने नागरिकहरू बहुसङ्ख्यक भएका राष्ट्रमा र यो आस्थालाई विभिन्न किसिमका धार्मिक विश्वासहरू, प्रचलनहरू तथा विभिन्न प्रकारका पूजाआजाका माध्यमबाट अभिव्यक्त गर्ने गरिएको समयमा लोक प्रसारकहरूले धार्मिक कार्यक्रमहरूका लागि स्थान प्रदान गर्नु एवं पक्षपात नहुने र समाजमा विद्यमान विभिन्न विश्वासहरूको प्रतिनिधित्व हुने शैलीमा धार्मिक सामग्रीहरू प्रसार गर्नुलाई आफ्नो कर्तव्यका रूपमा मान्न सक्दछन् ।

बहुसंस्कृतियुक्त समाजहरूमा प्रसारण गरिने धार्मिक कार्यक्रमहरूमा आस्थाहरूको मिश्रण प्रतिविम्बित हुनुपर्छ । प्रसारकले कुनै एउटा धर्मविरूद्ध अर्को धर्मलाई समर्थन गर्नुहुँदैन भने एउटा धर्मलाई होच्याउनका लागि अर्को धर्मका लागि माध्यम उपलब्ध गराउन पनि हुँदैन ।

- धर्मसम्बन्धी सन्दर्भहरू यथार्थ रूपमा तथा सम्मानजनक शैलीमा प्रस्तुत गरिनुपर्दछ ।
- कुनै जाति वा धार्मिक समूहलाई होच्याउने वा व्यङ्ग्य गर्ने कार्यक्रमहरू प्रसार गर्नु हुँदैन ।
- कुनै जाति वा धर्मका विचारहरू वा विश्वासहरूलाई प्रस्तुत गर्ने कार्यक्रमहरू लक्षित श्रोताका लागि स्वीकार्य हुनुपर्छ र धर्म परिवर्तन गराउने प्रकृतिको हुनु हुँदैन ।

विविधतापूर्ण शैलीलाई अनुसरण गरिएको अवस्थामा धर्मसम्बन्धमा बनाइएका कार्यक्रमहरू निकै प्रभावकारी हुन सक्छन् । धार्मिक सेवाहरू (उपयुक्त स्थानमा), धार्मिक समाचार कार्यक्रमहरू, गत साता, महिना वा तीन महिनाको समाचारमा भएका प्रगति, सङ्गीत, भजन, अन्तर्वार्ता, धार्मिक दृष्टिकोणका विभिन्न मुद्दाहरूलाई समेटेर तयार गरिएका पत्रिका जस्ता कार्यक्रमहरू यसका लागि उपयुक्त हुन सक्छन् । मुख्य धार्मिक चाडपर्वहरूमा भक्तिभावपूर्ण कुराकानीका साथसाथै भजन कीर्तनलाई पनि समावेश गर्न सकिन्छ ।

चित्त दुखाउने कार्यबाट के हुन सक्छ भन्ने कुरामा धार्मिक विषयहरूसम्बन्धी कार्यक्रम निर्माणमा संलग्न भइरहेकाहरू सजग हुनुपर्छ । कसैका लागि सामान्य लाग्ने कुराले कसै कसैमा भने कडा प्रतिक्रिया उत्पन्न गराउन सक्छ । निम्नलिखित कार्यहरूबाट गहिरो रूपमा चित्त दुख्न सक्छ :

- विभिन्न धर्महरूको मुटुमा रहेका देवदेवी, धार्मिक ग्रन्थ, पवित्र दिनहरू वा संस्कारप्रति लक्षित मौखिक वा दृश्यात्मक अपवित्र सन्दर्भ वा अपमान, उदाहरणका लागि, जिसस क्राइस्टलाई क्रूसमा चढाइएको घटना, जिसस क्राइष्टका उपदेशहरू (गोस्पेल्स), कुरान, हज (मक्कातर्फ गरिने वार्षिक तीर्थयात्रा), रमादानको पवित्र अवधि तथा यहुदी साबाथ एवं यहुदी खानासम्बन्धी आचारहरू ।
- धार्मिक विश्वास भएकाहरूद्वारा पवित्र मानिने नामहरूलाई हल्कासँग थेगोहरूमा प्रयोग, उदाहरणका लागि, 'जिसस', 'क्राइष्ट', वा 'भगवान' वा अन्य आस्थावानहरूले पवित्र रूपमा लिने नामहरू । यसकिसिमका थेगोहरू नाटक वा हल्का मनोरञ्जन

कार्यक्रमहरूमा प्रयोग गर्दा ती कार्यक्रमहरूले नाटकीय वा हास्य पुटभन्दा पीडा बढी दिन सक्छ ।

गहिरो रूपमा ठेस पुऱ्याउन सक्ने धर्मसम्बन्धी अपमानजनक अभिव्यक्ति वा अन्य सन्दर्भहरू भएका कार्यक्रमहरू जलडमरु (Watershed) अवधिभन्दा पहिला प्रसार गर्न हुँदैन र प्रसारणकर्ताहरूले श्रोताहरूलाई ठेस पुऱ्याउन सक्ने सामग्रीहरूबारे चेतावनी दिनुपर्छ ।

अत्यन्तै सान्दर्भिक नभएसम्म जनसमुदाय तथा राष्ट्रहरूलाई उनीहरूको धर्मको नामबाट परिभाषित गरिनु हुँदैन । निश्चित धार्मिक समूहहरू वा वर्गहरूलाई उनीहरूको समग्र आस्थाको तर्फबाट बोलिरहेको रूपमा प्रस्तुत गरिनुहुँदैन । उदाहरणका लागि, प्रार्थना गरिरहेका मुसलमान कार्यकर्ताहरूको भीडको फुटेजलाई सिङ्गो मुसलमान संसारको चित्रण गर्नका लागि प्रयोग गरिनु हुँदैन ।

# आस्वादन तथा भद्रता

"कार्यक्रमहरू राम्रो आस्वादनको हुनुपर्छ, यसो भनेको यिनीहरूले अश्लीलता, अस्वस्थता वा यौन व्यवहार जस्ता कुराहरूका सम्बन्धमा समाजमा सामान्यतया स्वीकार्य मान्यतालाई सम्मान गर्नुपर्छ तथा प्रतिविम्बित गर्नुपर्छ । प्रसारित जानकारीका श्रोताहरू विविधतापूर्ण समूहबाट बनेका हुन्छन् र उनीहरूको राम्रो आस्वादनसम्बन्धी आधारहरू विविध किसिमका हुन्छन् । आस्वादनसम्बन्धी कुरा चासोयुक्त हुँदा प्रसारण सामग्री श्रोतालाई स्वच्छन्द रूपमा आपत्तिजनक नलागोस् भन्ने पक्षमा होशियारी अपनाउनुपर्दछ ।" (क्यानाडेली प्रसारण संस्था पत्रकारिता मापदण्ड तथा अभ्यासहरू, पृष्ठ १०३)

"प्रसारकहरू लोक आदर्श तथा स्थानीय दर्शकहरूको सामाजिक मूल्यमान्यताप्रति सजग हुनुपर्छ । उदाहरणका लागि, यौन तथा अश्लीलतासम्बन्धी विषयहरूलाई होशियारीपूर्वक समेट्नुपर्दछ । छाडा यौनसम्बन्धी श्रृङ्खला स्वीकार्य हुँदैन । वैकल्पिक जीवनशैली (उदाहरणका लागि, समलैङ्गिकता, उभयलैङ्गिकता, हाडनाता करणी) सम्बन्धी जानकारी, विषय वा उप-कथाबारे सामग्री बनाउँदा होशियारी अपनाउनुपर्दछ । यिनीहरूको चित्रणबाट त्यस्ता जीवनशैलीलाई स्पष्ट रूपमा प्रवर्द्धन गर्ने, न्यायोचित ठहऱ्याउने वा सनसनीपूर्ण बनाउने हुनु हुँदैन । वैकल्पिक यौन व्यवहारसम्बन्धी छाडा श्रृङ्खला प्रसार गर्न हुँदैन । विशिष्ट अवस्थामा बाहेक आम नग्नतालाई अनुमति दिइनु हुँदैन ।" (सिङ्गापुर मार्गनिर्देशन नं. ५)

एउटा उत्तर अमेरिकी तथा अर्को एसियाली गरी दुई वटा अग्र पङ्क्तिका प्रसारकहरूबाट लिइएका यी दुई उद्धरणहरूले समस्यालाई चित्रण गरेका छन् । राम्रो आस्वादन के हो र केलाई भद्रताका रूपमा लिने भन्ने मान्यता प्रायः निर्णय गर्ने तरिकामा भर पर्दछ । दक्षिण अफ्रिकाको दक्षिण अफ्रिकी प्रसारण संस्था (SABC) एक कदम अगाडि बढेर उल्लेख गर्दछ, "अभिव्यक्ति स्वतन्त्रता भनेको अलोकप्रिय तथा आपत्तिजनक बोलीको संरक्षणका लागि पनि हो । बोलीलाई नियन्त्रण गर्नका लागि गरिने कुनै पनि प्रयासले प्रसारणका लागि आधारभूत पक्षका रूपमा रहेको कलात्मक सिर्जनामा अवरोध पुऱ्याउने सम्भावना बोकेको हुन्छ भन्ने विश्वास गरिन्छ ।" (एसएबीसी मार्गनिर्देशिका, पृष्ठ १०)

त्यसैले आपत्तिजनक लाग्नेलगायतका कुनै पनि कुरालाई पूर्णतः निषेध गर्नुभन्दा पनि प्रसारकले निम्नलिखित कुराहरू गर्न आवश्यक छ :

- दर्शक/स्रोतलाई उदासिन बनाउने सम्भावना भएका सामग्री प्रसार गर्नुपूर्व स्पष्ट र पर्याप्त चेतावनी दिइनुपर्दछ ।
- त्यस्ता सामग्रीको प्रसारण समय निर्धारण गर्दा निकै होशियार हुनुपर्दछ । दर्शक तथा श्रोतालाई अनपेच्छित रूपमा तर्साउने वा स्तम्भित पार्ने सामग्री प्रसार नगर्नुहोस् ।
- बालबालिकाका लागि अनुपयुक्त सामग्री उनीहरूले सामान्यतया हेर्ने वा सुन्ने समयमा प्रसार नहुने सुनिश्चित गर्नुहोस् ।

स्टेशनले श्रोता/दर्शकलाई घिनलाग्दो वा बेस्वादिलो लाग्नसक्ने सामग्री न्यूनीकरण गर्न हरसम्भव प्रयास गर्दछ । एचआईभी/एड्स जस्ता विवादास्पद विषयलाई स्पष्ट रूपमा उठाउने कर्तव्य पनि लोक प्रसारकको हुन्छ । केही व्यक्तिलाई आपत्तिजनक लाग्ने जोखिम छ भन्दैमा ती विषयहरूको सामना गर्नबाट भाग्न पनि सक्दैन । प्रमुख कुरा होशियारीपूर्वक प्रसारण समय निर्धारण गर्नु हो ("श्रोता/दर्शकलाई अप्रत्याशित स्थितिमा नपार्नु नै राम्रो नियम हो") । पूर्व चेतावनीको अर्थ दर्शक/श्रोतालाई उनीहरूले सुन्न तथा हेर्न चाहेको कुरासम्बन्धी छनौट आफै गर्न सक्षम बनाउनु र सम्भावित आपत्तिजनक स्थितिलाई सकेसम्म कम पार्नु हो । दर्शक/श्रोतालाई पहिले नै सतर्क गराइएमा हिंसात्मक तथा तनावयुक्त दृश्यप्रति उनीहरूले नकारात्मक टिप्पणी गर्ने सम्भावना कम हुन्छ ।

# स्वास्थ्य कार्यक्रमहरू

"मैले रेडियो खोलेँ ... जननेन्द्रीयमा लाग्ने क्यान्सरसम्बन्धी तपाईंको कार्यक्रम सुनेँ .... पचाउन गाह्रो भयो । म के भन्न सक्छु भने त्यो कुरा कार्यक्रमको लागि नभएको भए म सम्भवत जीवित हुने थिइनँ होला ।" (बिबिसी विश्व सेवाको 'हेल्थ म्याटर्स' कार्यक्रमका एक श्रोता)

स्वास्थ्य कार्यक्रमहरू समसामयिक घटनासम्बन्धी कार्यक्रम होइनन् । न त तिनीहरू ज्ञानको अग्रपङ्क्तिमा रहेका ताजा औषधिसम्बन्धी अनुसन्धानको खुला आकाश जस्तो वर्णन नै हुन् । तिनीहरू अग्रपङ्क्तिका औषधोपचारसम्बन्धी पत्रिकाहरू तथा विशेषज्ञहरू एवं अनुसन्धानकर्ताहरूसँगको अन्तर्वार्ताका आधारमा औषधोपचारसम्बन्धी विचारहरूमा भएका पछिल्ला विकाससम्बन्धमा डाक्टरहरूलाई अद्यावधिक राख्नमा लक्षित हुन्छन् । तर तिनीहरूको सबैभन्दा महत्वपूर्ण उद्देश्य डाक्टरहरू तथा स्वास्थ्यकर्मीहरूका लागि आधिकारिक तथा भरपर्दो सुझावको स्रोत हुनु नै हुन्छ ।

जे भए पनि अधिकांश मात्रामा स्वास्थ्य कार्यक्रमहरू सर्वसाधारणप्रति नै लक्षित हुन्छन् । स्वास्थ्यसम्बन्धी सामग्रीहरू सान्दर्भिक औषधोपचारसम्बन्धी निकायहरूको सुझाव अनुसार तयार गरिनुपर्दछ । परिप्रेक्ष्य बिरामीको हुन्छ । विश्वका अधिकांश भागमा सूचनाको सबैभन्दा महत्वपूर्ण स्रोतका रूपमा रेडियो र टेलिभिजन रहेका हुन्छन् । विशेषगरी रेडियो ग्रामीण क्षेत्रमा बसोबास गर्ने निम्न स्तरको साक्षरता भएका बहुसङ्ख्यक जनताबीच पुग्ने एक मात्र माध्यमका रूपमा रहेको छ । सजिलो रूपमा भन्ने हो भने सरसफाइ गर्नुपर्ने, नियमित रूपमा हात धुनुपर्ने, इनारसँगै शौचालय नराखिएको सुनिश्चित गर्नुपर्ने, औलोबाट बच्नका लागि लामखुट्टे नआउने झुलहरूको प्रयोग गर्नुपर्ने जस्ता कुराको महत्वबोध गराउने तथा यस्तै किसिमका अन्य विभिन्न आधारभूत कुराहरूबारे महत्वपूर्ण जानकारी व्यापक रूपमा सम्प्रेषण गर्नका लागि तथा जनतासम्म पुग्नका लागि सबैभन्दा राम्रो माध्यम रेडियो नै हो । समाचार, प्याकेजहरू, छलफल, अन्तर्वार्ता तथा अस्पताल, शल्यक्रिया कक्ष र क्लिनिकहरूबाट स्थलगत रिपोर्टिङ्ग जस्ता विभिन्न किसिमका कार्यक्रमहरूको माध्यमबाट ती श्रोताबीच पुग्न सकिन्छ ।

## स्वास्थ्य अभियानहरू

स्वास्थ्य मन्त्रालय, एचआईभी/एड्ससम्बन्धी संस्थाहरू, क्षयरोग तथा औलोविरूद्ध सङ्घर्षका लागि विश्व कोष जस्ता विशिष्टीकृत औषधोपचारसम्बन्धी संस्थाहरू एवं स्वास्थ्य क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू जस्ता उपयुक्त निकायहरूसँग सहयोग लिएर अभियानहरू सञ्चालन गरिनुपर्दछ ।

- कार्यक्रम निर्माताहरूले औषधोपचारसम्बन्धी सम्पूर्ण तथ्यहरू चिकित्सकहरू तथा निश्चित क्षेत्रमा विशिष्टीकृत औषधोपचारसम्बन्धी आधिकारिक पत्रिकाहरूबाट पुष्टि गराउनुपर्दछ ।

- उनीहरूले आफ्ना जानकारीहरू सत्य भएको सुनिश्चित गर्न विशेष प्रयास गर्नुपर्दछ।
- उनीहरूले आफ्ना कार्यक्रमहरूलाई गलत सूचनाको वाहकको रूपमा प्रयोग नगरिएको सुनिश्चित गर्नुपर्दछ।
- कार्यक्रम निर्माताहरूले विशिष्टीकृत जानकारी स्लटहरूका रूपमा मात्र नभई अधिकतम प्रभावका लागि सबै किसिमका कार्यक्रमहरूमार्फत अभियान सञ्चालन गर्नेबारे विचार गर्नुपर्छ।
- स्वास्थ्य प्रसारकहरूले सामुदायिक समर्थनका लागि प्रतिष्ठित संस्थाहरूसँग सहकार्य गर्नुपर्छ।
- कार्यक्रम निर्माताहरू आफ्ना दर्शक/श्रोता को हुन् भन्नेबारे जानकार हुनुका साथै आफूले हासिल गर्न चाहेको कुराका सम्बन्धमा स्पष्ट हुनु महत्वपूर्ण हुन्छ।
- प्रत्येक राष्ट्रको आफ्नै पद्धति र प्राथमिकताहरू हुन सक्छन्।

# एचआईभी/एड्स

“बहिरो र अन्धो भएको अभिनय नगरौं, यो हत्यारा हो” (सन् २००३ डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवसका अवसरमा बिबिसी विश्व सेवामा सरकारहरू तथा राजनीतिक नेताहरूलाई आह्वान गर्दै एड्सबाट सङ्क्रमित एक व्यक्ति) । एचआईभी/एड्स प्रकोपको वृहतता, यसको सङ्क्रमणका माध्यमहरू तथा यसबाट सङ्क्रमित भएकाहरूको सामाजिक वहिष्करणका कारण यससम्बन्धी प्रसारण विशेष चुनौतीपूर्ण रहेको छ ।

एचआईभी/एड्स एउटा त्यस्तो क्षेत्र हो, जहाँ प्रसारकहरूले आफूलाई आस्वादन तथा भद्रताको स्वीकृत विचारहरूसँगको द्वन्द्वमा रहेको पाउन सक्छन् । उदाहरणका लागि, एक जना लोकसेवा प्रसारक कन्डमका बारेमा कुरा गर्न हिच्किचाउन सक्छ, जब कि यो रोगको विस्तार रोकथाम गर्ने सबैभन्दा प्रभावकारी उपाय कन्डमको प्रयोग नै हो भन्ने कुरामा सबै विशेषज्ञहरू सहमत छन् ।

एचआईभी/एड्ससम्बन्धी प्रसारणका क्रममा केही आधारभूत सिद्धान्तहरूलाई ध्यानमा राख्न आवश्यक हुन्छ । कार्यक्रमहरू तथा अभियानहरूले निम्नलिखित कुराहरू गर्नुपर्छ :

- अज्ञानतालाई हटाउनुहोस् - यो के हो र मानिसहरूमा यो कसरी सङ्क्रमित हुन्छ जस्ता तथ्यहरू उपलब्ध गराउनुहोस् । जोखिममा रहेका कैयौं मानिसहरूलाई एचआईभी/एड्स के हो अथवा यो कसरी फैलिन्छ भन्ने कुरा थाहा नहुन सक्छ । कार्यक्रमहरूले सरल रूपमा तथ्यहरू प्रस्तुत गर्नुपर्ने आवश्यकता छ । सत्य कुरा बताउनु प्रसारकहरूको जिम्मेवारीको कुरा हो ।
- गलत सूचना तथा भ्रूठहरूबाट सत्यलाई अलग पार्नुहोस् । उदाहरणका लागि, कन्डमहरू असुरक्षित छन् वा तिनीहरूमा प्वालहरू हुन्छन् भन्ने दाबी कुनै किसिमबाट पनि न्यायोचित छैन । तर यो कुरामा सत्यता छ कि तपाईँ एचआईभी/एड्स भएको कुनै व्यक्तिसँग सुरक्षितसाथ खाना खान सक्नुहुन्छ ।
- स्पष्ट हुनुहोस् - एचआईभी/एड्सको विस्तारलाई रोक्नका लागि मानिसहरूको व्यवहारमा परिवर्तन आवश्यक हुनसक्छ । आफ्नो व्यवहारमा परिवर्तन गरेर एचआईभी/एड्सको विस्तारलाई कसरी रोक्न सकिन्छ भन्नेबारेमा प्रसारकहरूले दर्शक/श्रोतालाई जानकारी दिनु आवश्यक छ (उदाहरणका लागि, आफ्नो सुरक्षाका लागि तथा महिलाको सुरक्षाका लागि पुरुषले कन्डम लगाउनु आवश्यक छ, रेजर ब्लेडहरू तथा सुइहरूलाई निर्मलीकरण गर्नुपर्छ वा, अझ औषधोपचारका क्रममा एकपटक मात्र प्रयोग गर्नु राम्रो हुन्छ, स्वास्थ्यकर्मीहरूले दुर्घटनावश हुनसक्ने सङ्क्रमणबाट बच्न होशियारी अपनाउन आवश्यक छ) ।
- चिकित्सक तथा विशेषज्ञहरूलाई परामर्शदाताका रूपमा नियमित रूपमा प्रयोग गर्नुहोस् ।

- नकली उपचारहरूबाट सावधान रहन दर्शक/श्रोतालाई सुझाव दिनुहोस् ।
- तथ्यगत रूपमा सही हुनुहोस् - उपलब्ध औषधिहरू, एचआईभी/एड्सबाट सङ्क्रमित मानिसहरूलाई स्याहार गर्ने तरिकाहरू, एचआईभी/एड्सबाट सङ्क्रमित मानिसहरूसँग बस्ने तरिकाहरूका बारेमा दर्शक/श्रोताहरूले जान्नु आवश्यक छ ।
- पछिल्ला प्रगतिहरूका बारेमा गहन अनुसन्धान गर्नुहोस् - औषधिहरूसम्बन्धी नयाँ नयाँ जानकारीहरू नियमित रूपमा आइरहेका हुन्छन् र यिनीहरूबारे मानिसहरूलाई भरपर्दो तरिकाबाट नियमित रूपमा जानकारी दिँदै जानु आवश्यक हुन्छ । एड्ससम्बन्धी उपचारबारे गरिएका घोषणाहरूबारे प्रसारकहरू शङ्कालु हुनुपर्छ ।
- एचआईभी/सङ्क्रमितहरूलाई आफ्नो कथा भन्न लगाएर उनीहरू एचआईभी/एड्सको सामना कसरी गरिरहेका छन् र उनीहरूलाई कसरी सहयोग उपलब्ध भइरहेको छ भन्नेबारे कार्यक्रमहरू तयार गर्नुहोस् ।
- अनुपातको महत्वलाई निर्वाह गर्नुहोस् । तथ्यलाई बढीचढाई नगरी प्रस्तुत गर्नु तथा त्यसको मूल्यको मूल्याङ्कन गर्नबाट बच्नु महत्वपूर्ण हुन्छ । विभेदको डर तथा हेयभावले गर्दा मानिसहरू अगाडि आउन तथा आफ्नो परीक्षण गराउन हिच्किचाइरहेका छन् र यसले गर्दा एचआईभी/एड्सको विस्तारमा सघाउ पुगिरहेको छ ।
- लक्षित दर्शक/श्रोताबीच पुग्ने उद्देश्य लिनुहोस् । भिन्नाभिन्नै उपायबाट भिन्नाभिन्नै समयमा भिन्नाभिन्नै जनसमुदायलाई लक्षित गरेर तयार गरिएका स्वास्थ्य अभियानहरू प्रभावकारी देखिएका छन् । उदाहरणका लागि, एचआईभी/एड्सबाट सङ्क्रमित विवाहित महिलाहरूका लागि तयार गरिएको कार्यक्रमको शैली तथा सामग्रीहरू किशोरहरूका लागि तयार गरिएको कार्यक्रमको शैली तथा सामग्रीभन्दा निकै भिन्नै हुनसक्छन् । दिनको एउटा खास समयमा यसको प्रसारण गरिएमा यसका बढीभन्दा बढी लक्षित दर्शक/श्रोताबीच पुग्न यो थप प्रभावकारी हुनसक्छ ।
- विभिन्न किसिमका पद्धतिहरू अपनाउनुहोस् र अन्य राष्ट्रहरूका अनुभवहरूलाई पनि प्रस्तुत गर्नुहोस् । उदाहरणका लागि, एचआईभी/एड्सबारे किशोरकिशोरीहरू तथा अभिभावकहरूबीच कुराकानी हुनु अति आवश्यक छ भन्ने विश्वास दक्षिण अफ्रिका गर्दछ र यस्तो वातावरण सिर्जना गर्नका लागि कार्यक्रमहरू निर्माण गरिरहेको छ ।

यो सन्देशलाई स्वादिलो पारामा तथा विवेकसहित आफूहरूबाट कसरी सम्प्रेषण हुँदै आएको छ भन्नेबारे प्रसारकहरूले सोच्न आवश्यक छ । उनीहरूले होशियारीपूर्ण भाषा प्रयोग गर्नुपर्ने हुनसक्छ तर सन्देशलाई उपेक्षा भने गर्न मिल्दैन । "मौनता मृत्यु हो", संयुक्त राष्ट्रसङ्घीय महासचिव कोफी अन्नानले भन्नुभएको छ, "जीवनहरूलाई बचाउनमा लाज मान्नुपर्ने कुरा छैन।"

## स्वास्थ्य सन्देशका रूपमा नाटकहरू

मानिसहरूबीच सूचना सम्प्रेषण गर्ने अत्यन्त प्रभावकारी उपायहरूमध्ये 'नाटकहरू', रेडियो रुपकहरू वा नाटिकाहरू पनि पर्दछन् । बिबिसीको लामो नाटक श्रृङ्खला 'द आर्चर्स' मुख्य रूपमा किसानहरूप्रति लक्षित थियो र यसमा खाद्यान्न बालीहरू हुर्काउनेसम्बन्धी सुझावहरू समेटिएका थिए । अर्को उदाहरणका रूपमा अफगान श्रोताहरूका लागि प्रसारण गरिएको 'सोप अपेरा' लाई लिन सकिन्छ । त्यसमा जन्म अन्तर तथा बालबालिकामा हुने पखालाको उपचारसम्बन्धी आधारभूत स्वास्थ्य सुझावहरू प्रस्तुत गरिएका थिए । त्यसमा फर्किएका शरणार्थी परिवारसम्बन्धी उप-कथा पनि जोडिएको थियो । उक्त श्रृङ्खलामा सन्देशलाई मनोरञ्जनात्मक शैलीमा सशक्त पार्दै शरणार्थीहरूलाई कसरी पुनःस्थापित गर्ने, बारुदी सुरुङ कसरी पत्ता लगाउने र कुन कुन क्षेत्रहरूमा जानु हुँदैन जस्ता कुराहरूलाई गाउँलेहरूबीच भएको छलफल प्रस्तुत गरिएको थियो ।

# बालबालिका

बालबालिकालाई अभिनेता/अभिनेत्री, अन्तर्वार्ता दिने व्यक्ति, कार्यक्रमका सहभागी वा विषयवस्तु जस्ता विभिन्न रूपमा कार्यक्रमहरूमा सम्मिलित गराउन सकिन्छ । कार्यक्रमहरूमा बालबालिकालाई सहभागी गराउँदा निकै होशियारीपूर्ण व्यवहार गरिनुपर्छ । कतिपय राष्ट्रहरूमा बालबालिकालाई संरक्षण गर्ने कानुनहरू छन् । बालबालिकाले हेर्न सक्ने तर सुपरीवेक्षण नगरिएका कार्यक्रमहरूबाट उनीहरूमा उत्तेजना वा तनाव सिर्जना नगरोस् वा उनीहरूमा आक्रामक व्यवहार उत्पन्न नगराओस् भन्ने सुनिश्चित गर्नका लागि विशेष होशियारी अपनाउनुपर्दछ ।

"बालबालिकाका लागि मनोरञ्जनात्मक तथा जानकारीमूलक कार्यक्रम प्रस्तुत गर्नु भनेको वास्तविक संसारलाई उनीहरूबाट लुकाउनु हो भन्ने भ्रममा पर्नु हुँदैन । वयस्कहरू कहिलेकाहीँ बालबालिकालाई बचाउनका लागि ...... (कुराहरू) लुकाउन खोज्छन् । केही बालबालिकाका लागि विश्व हिंसक वा डरलाग्दो कुरा भइसकेको भए पनि उनीहरूलाई उनीहरूको आफ्नो जीवनलाई बुझ्न तथा जीवनसँग जुध्न सहयोग गर्नु सञ्चार माध्यम, विशेषगरी टेलिभिजनका लागि महत्वपूर्ण हुन्छ ।" (दक्षिण अफ्रिकी प्रसारण संस्था मार्गनिर्देशिका पृष्ठ १६) ।

बालबालिका तथा सञ्चार माध्यमका सन्दर्भमा प्रमुख प्रसारकहरूबीच केही आम सहमतिहरू छन् :

- बालबालिकाको ठूलो सङ्ख्या आम दर्शक/श्रोताको अंशका रूपमा हुनसक्ने समयमा बालबालिकाका लागि अनुपयुक्त सामग्री प्रसारण गर्न हुँदैन ।
- बालबालिकाका कार्यक्रमहरूमा हिंसालाई चित्रण गर्नेसम्बन्धमा प्रसारकहरूले विशेष होशियारी अपनाउनुपर्दछ ।
- बालबालिकाका लागि तयार गरिएका कृत्रिम कार्यक्रमहरू (Animated programming) मा हिंसालाई मुख्य विषयवस्तु बनाइनु हुँदैन र डरलाग्दा नकलहरू समावेश गरिनु हुँदैन ।
- घरेलु द्वन्द्व, मृत्यु, अपराध वा लागूपदार्थको प्रयोग जस्ता बालबालिकाको सुरक्षाको अनुभूतिमा खतरा सिर्जना गर्ने विषयवस्तुहरूबारे बालबालिकाका लागि कार्यक्रम बनाउँदा विशेष होशियारी अपनाउनुपर्दछ ।
- बालबालिकाका लागि तयार गरिएका कार्यक्रममा द्वन्द्वको समाधानका लागि हिंसा नै सबैभन्दा राम्रो उपाय हो भन्ने छाप छोड्ने हिंसाका वास्तविक दृश्यहरू राखिनु हुँदैन ।
- हिंसक गतिविधिको प्रभावलाई कम पार्ने वा धमिलो पार्ने हिंसाका वास्तविक दृश्यहरूलाई बालबालिकाका लागि तयार गरिएका कार्यक्रममा समावेश गरिनु हुँदैन । हिंसाको वास्तविक जस्तो देखिने रुपान्तरणले पनि उक्त हिंसाका शिकारहरू तथा कर्ताहरूसम्बन्धी परिणामलाई चित्रण गर्न सक्छन् ।
- बालबालिका लागि तयार गरिएका कार्यक्रमहरूमा कथानकले नमागेका डरलाग्दा वा अत्यधिक विशेष प्रभावहरू समावेश गरिनु हुँदैन ।
- वयस्कहरूका लागि मात्र तयार गरिएका कार्यक्रमहरू जलडमरु अवधि (Watershed) को लगत्तै प्रसार गरिनु हुँदैन । बालबालिका विद्यालयमा विदा भएको समयमा प्रायः अबेलासम्म सुत्दैनन् ।

- बालबालिकाको कार्टुनमा अनावश्यक हिंसा समावेश गरिनु हुँदैन ।
- बालबालिकाप्रति निर्देशित कार्यक्रमका क्रममा देखाइने समाचार मध्यान्तरमा प्रसारकले सार्वजनिक हित हुने अवस्थामा बाहेक बालबालिकालाई उत्तेजित बनाउने वा व्यग्र बनाउने खालका चित्रहरू वा वर्णनहरू सामान्यतया प्रयोग गर्नु हुँदैन ।
- बालबालिका तथा युवावर्गलाई शोषण गर्न नहुने, अपमान गर्न नहुने वा अनावश्यक रूपमा चिनाउन नहुनेसम्बन्धी उनीहरूको अधिकार (बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि) लाई प्रसारकले सम्मान गर्नुपर्छ ।

## बालबालिका तथा हिंसा

परिकल्पनामा आधारित हिंसाले भन्दा यथार्थ जीवनलाई प्रतिविम्बित गर्ने परिस्थितिमा भएका हिंसाबाट बालबालिकामाथि बढी नकारात्मक प्रभाव पार्ने गर्दछ । विशेषगरी पारिवारिक लाग्ने दृश्यहरू वा पारिवारिक लाग्ने व्यक्तिहरूबीच हिंसा हुँदा बालबालिका पीडा अनुभव गर्दछन् । उदाहरणका लागि, उनीहरूका आमाबुबा जस्ता देखिने पात्रहरूबीच घरमा हुने हिंसाका दृश्य, वा बालबालिकालाई माया लाग्ने पात्र वा पाल्तु जनावरमाथि हुने हिंसाका दृश्यलाई हटाइनुपर्छ । बालबालिका विशेषगरी जनावरहरूमाथि भएका हिंसाका दृश्यबाट व्यग्र हुन तथा मर्माहत हुन सक्छन् । (बिबिसी मार्गनिर्देशिका २७/४५)

नकलको खतरा बालबालिकाबीच निकै वास्तविक हुन्छन् । कराँते प्रहार वा डोरी, चक्कु, शीशी वा हथौडा जस्ता सजिलै प्राप्त गर्न सकिने हतियारहरूको प्रयोग जस्ता कुराहरूमा अतिरिक्त होशियारी अपनाउनुपर्दछ । प्लास्टिकको झोलाबाट निसासिने तथा सलाईसँग खेल्दा हुनसक्ने आगलागीको खतराप्रति पनि निर्माताहरूले ध्यान दिनुपर्दछ । आपराधिक कार्यहरूलाई देखाइएको अवस्थामा यिनीहरू 'यो कसरी गर्ने' भन्ने कार्यक्रमको पाठ भने हुनु हुँदैन । बालबालिकाको खेल प्रायः उनीहरूले टीभीमा देखेका कुराहरूबाट प्रभावित हुन्छन् । बालबालिकाका लागि कार्यक्रम तयार गर्दा वा उनीहरूबीच लोकप्रिय हुने खालको कार्यक्रम बनाउँदा डरलाग्दो नकल हुने खालका कार्यहरू वा तरिकाहरूको प्रदर्शनलाई समावेश गर्नु हुँदैन । बालबालिकाका कार्यक्रमसम्बन्धमा बिबिसी मार्गनिर्देशिकामा उल्लेख गरिएको छ :

- बालबालिकाका कार्यक्रममा सामान्यतया धूमपान तथा मद्यपानलाई समावेश गरिनु हुँदैन । यसैगरी, लोकप्रिय गायकहरू, खेलाडीहरू, लोकप्रिय कलाकारहरू तथा बालबालिकालाई मन पर्ने अन्य व्यक्तित्वहरूले बालबालिकाका कार्यक्रमका लागि अन्तर्वार्ता दिँदा धूमपान वा मद्यपान गर्नु हुँदैन ।
- पीडा वा चोटपटकको कारण बन्नसक्ने नयाँ किसिमका वा असामान्य तरिकाहरू बालबालिकाका कार्यक्रममा देखाइनु हुँदैन । विशेषगरी चक्कु वा हथौडा जस्ता घरमा सजिलै पाउन सकिने वस्तुहरू प्रयोग गरेर सजिलै नकल गर्न सकिने दृश्यहरू कार्यक्रममा राखिनु हुँदैन ।
- बालबालिकाप्रति लक्षित कार्यक्रमहरूमा आरोहण तथा मोटरसाइकल चलाउने जस्ता जोखिमयुक्त क्रियाकलापलाई प्रस्तुत गर्दा विशेषज्ञको निगरानीबिना नकल गरिएमा हुनसक्ने जोखिमबारे चेतावनी दिइनुपर्छ ।

# जलडमरु समयावधि (The 'Watershed')

निश्चित समयभन्दा अघि बालबालिकाका लागि अनुपयुक्त सामग्री प्रसार नगर्ने नीति कतिपय प्रसारकहरूको हुने गरेको छ । सामान्यतया राति साढे दश बजे वा एघार बजेसम्मको समयलाई यस्तो समयका रुपमा लिइन्छ र अङ्ग्रेजी व्यापक रूपमा प्रयोग हुने राष्ट्रमा यस समयलाई 'The Watershed' भन्ने गरिन्छ । जलडमरु समयावधि (The Watershed) को आधारभूत सिद्धान्त के हो भने प्रशस्त बालबालिका टेलिभिजन हेरी नै रहेको हुनसक्ने सम्भावना भएकोले यस समयअघि बालबालिकाका लागि अनुपयुक्त सामग्री प्रसार गर्न सकिँदैन । यस्ता कार्यक्रमहरूमा वयस्क दर्शकहरूलाई लक्षित बनाएर तयार गरिएका विवादास्पद विषयवस्तुसम्बन्धी कार्यक्रम वा हिंसा, स्पष्ट यौन क्रियाकलाप, नग्न दृश्यहरू, आपत्तिजनक, खराब वा अश्लील भाषा प्रयोग गरिएका कार्यक्रम पर्दछन् । यस्ता कार्यक्रमहरू जलडमरु समय व्यतित भई नसकेसम्म प्रसारण गरिनु हुँदैन ।

जलडमरु समयावधिपछिको लगत्तैको समयावधिमा विशेष ध्यान पुऱ्याइनुपर्दछ । बालबालिका जलडमरु समयावधिपछि पनि प्राय:, विशेषगरी विद्यालयमा विदा भएको समयमा टेलिभिजन हेरी नै रहने हुनाले यस्तो समय बितिसक्दा पनि वयस्क कार्यक्रमहरूको प्रसारण निकै विस्तारै मात्र गरिनुपर्दछ । जलडमरु समयावधिसँगै वयस्क सामग्रीका प्रसारण कहिल्यै गरिनु हुँदैन ।

कुनै कार्यक्रम आफूलाई हेर्न वा सुन्न मन लाग्ने खालको हो वा होइन अथवा उनीहरूका बालबालिकालाई देखाउन वा सुनाउन हुने खालको हो वा होइन भन्ने विषयमा निर्णय दर्शक/श्रोतालाई गर्न दिन उनीहरूलाई पर्याप्त सूचना उपलब्ध गराइएको सुनिश्चित गर्नु प्रसारकको जिम्मेवारी हो ।

बालबालिकालाई कुनै खास कार्यक्रम देखाउने वा नदेखाउने भन्ने निर्णय आधारभूत रूपमा उनीहरूका अभिभावकहरूमा भर पर्ने कुरा हो । कुनै कार्यक्रम आफूलाई हेर्न वा सुन्न मन लाग्ने खालको हो वा होइन अथवा उनीहरूका बालबालिकालाई देखाउन वा सुनाउन हुने खालको हो वा होइन भन्ने विषयमा निर्णय गर्न दिन दर्शक/श्रोतालाई पर्याप्त सूचना उपलब्ध गराइएको सुनिश्चित गर्नु प्रसारकको जिम्मेवारी हो । प्रशस्त दर्शक वा श्रोताका लागि आपत्तिजनक लाग्नसक्ने सामग्री भएका कार्यक्रम प्रसारण गरिन लागेको छ भने उनीहरूलाई त्यसका लागि तयार राख्न सर्वाधिक राम्रो उपाय अपनाउनेसम्बन्धमा प्रसारकले विचार गर्नैपर्छ । केही अवस्थामा यससम्बन्धी पूर्वसूचना प्रसारण गर्नु मात्रै पनि पर्याप्त हुनसक्छ । उदाहरणका लागि, 'यो कार्यक्रममा केही दर्शकका लागि अनुपयुक्त लाग्न सक्ने सामग्री छ' जस्तो सूचना कार्यक्रम प्रसारणपूर्व दिन सकिन्छ । यस्ता कुराहरूलाई सजिलो बनाउन अष्ट्रेलिया तथा न्यूजिल्याण्ड जस्ता राष्ट्का केही प्रसारकहरूले कार्यक्रम वर्गीकरण प्रणाली अपनाएका छन् । ती राष्ट्रहरूमा प्रसारकहरूले कार्यक्रमहरूलाई सही किसिमबाट वर्गीकरण गर्नुका साथै सही सङ्केत प्रदर्शन गरिएको सुनिश्चित गर्नुपर्दछ । न्युजिल्याण्ड प्रसारण संस्थाको मार्गनिर्देशिका (NZBC Guidelines) मा यससम्बन्धमा यसरी उल्लेख गरिएको छ :

- परिभाषा : बालक/बालिका भन्नाले १४ वर्षभन्दा कम उमेरका बालक वा बालिका भन्ने बुझिन्छ ।

- जी (G) - General (सामान्य) : बालबालिकाका लागि अनुपयुक्त हुने खालका सामग्री नराखिएका कार्यक्रम । यस्ता कार्यक्रमहरू बाल दर्शकहरूलाई नै लक्षित गरेर बनाइएको नभए पनि यिनीहरूमा बालबालिकालाई उत्तेजित बनाउने वा तनावमा पार्ने खालका सामग्री राखिनु हुँदैन ।
- पीजीआर (PGR) - Parental Guidance Recommended (अभिभावकको निर्देशन आवश्यक) : वयस्क दर्शकहरूका लागि बढी सुहाउँदो सामग्री राखिएको भए पनि अभिभावक वा वयस्कको निर्देशन उपलब्ध भएमा बाल दर्शकका लागि पनि खासै अनुपयुक्त नहुने सामग्री राखिएका कार्यक्रम । (न्यूजिल्याण्डमा पीजीआर वर्गका कार्यक्रमहरू बिहान नौ बजेदेखि चार बजेसम्म र बेलुकी सात बजेदेखि बिहान ६ बजेसम्म प्रसार गर्न सकिन्छ ।
- एओ (AO) - Adults Only (वयस्कका लागि मात्रै) : वयस्कका विषयवस्तु समावेश गरिएका वा वयस्क दर्शकहरूलाई प्राथमिक रूपमा लक्षित गरिएका कार्यक्रम । ( बालबालिकाले हेरिरहेका हुने छैन भन्ने मानिएको समयमा यस्ता कार्यक्रमहरू प्रस्तुत गर्न सकिन्छ ।)

कुनै पनि समयमा प्रसार गर्न सकिने समसामयिक गतिविधिसम्बन्धी कार्यक्रमलाई वर्गीकरण गरिरहन पर्दैन । तैपनि बिहान, दिउँसो तथा साँझको समयमा समाचार तथा समसामयिक गतिविधिसम्बन्धी कार्यक्रमहरूका दर्शकहरूका बीचमा बालबालिका पनि हुनसक्छन् र आवश्यक भएको स्थानमा चेतावनी प्रसार गरिनुपर्दछ भन्ने कुरा कार्यक्रम निर्माताले सम्झनु आवश्यक छ ।

यसका अतिरिक्त त्यस राष्ट्रका प्रसारकहरूलाई निम्नलिखित कुराहरू पनि पुःनस्मरण गराइएको छ :

- प्रसारकहरूले उपयुक्त वर्गीकरण सङ्केतहरू निर्धारण गरिएको र त्यसलाई अभ्यासमा ल्याइएको सुनिश्चित गर्नुपर्दछ । वर्गीकरणको सङ्केत प्रत्येक कार्यक्रमको शुरुमा तथा प्रत्येक विज्ञापन मध्यान्तरपछि प्रदर्शन गरिनुपर्दछ ।
- सम्पूर्ण प्रवर्द्धनात्मक सामग्री तथा कार्यक्रमका झलकहरू पनि तिनीहरू प्रदर्शन गरिएको कार्यक्रमको वर्गीकरणको सङ्केत बमोजिम भएको कुरा प्रसारकले सुनिश्चित गर्नुपर्दछ । उदाहरणका लागि, वयस्कका लागि मात्र तयार गरिएको कार्यक्रमको झलक वयस्कका लागि मात्र छुट्याइएको समयभन्दा बाहिर प्रदर्शन गरिएमा ती झलक प्रसारण गरिएको समयको वर्गीकरणसँग मेल खाने किसिमको हुनुपर्छ ।
- दर्शक/श्रोताको उल्लेख्य सङ्ख्यालाई आपत्तिजनक लाग्ने वा उनीहरूलाई व्यग्र बनाउने खालका सामग्री भएमा चेतावनीको प्रयोगबारे प्रसारकले विचार पुऱ्याउनुपर्दछ ।
- नियमित समाचार बुलेटिन प्रसारणको समयभन्दा बाहिर, विशेषगरी बालबालिकाले हेर्ने सम्भावना भएका समयमा प्रसारणका लागि तयार गरिएका समाचार झलकहरूमा अनावश्यक तनाव वा उत्तेजना सिर्जना गर्ने खालका दृश्यहरू राखिनु हुँदैन । यस्ता किसिमका दृश्यहरू समावेश भएका छन् भने पूर्वसूचना दिइनुपर्छ ।

# अपराध तथा असामाजिक गतिविधि

अपराधसम्बन्धी कार्यक्रमहरूले अपराध वा अपराधीहरूलाई अतिरञ्जित पारेर प्रस्तुत गर्नु हुँदैन वा हिंसा तथा अन्य असामाजिक व्यवहारतर्फ भड्काउने तत्वका रूपमा काम गर्नु हुँदैन । हिंसा वा नृशंसतापूर्वक मारिएको तथा यातना दिइएका व्यक्तिहरूको नजिकबाट लिइएका दृश्य जस्ता पीडाका दृश्य तथा बलात्कारसम्बन्धी घटनाको दृश्यात्मक वर्णनलाई सामान्यतया समावेश गरिनु हुँदैन । हिंसालाई अनावश्यक रूपमा रेखाचित्रमा प्रस्तुत गर्नु हुँदैन ।

हिंसात्मक अपराध सामान्यतया कुल अपराधको सानो अंश मात्रै हुन्छ तर अपराधसम्बन्धी समाचार सङ्कलनमा यसको अंश ठूलो हुन्छ । अपराधसम्बन्धी समाचारहरू तयार गर्ने क्रममा प्रसारकहरू अपराध समाचार सङ्कलनबाट पर्नसक्ने बढ्दो प्रभावप्रति सजग हुनुपर्छ । अपराधको शिकार हुने सम्भावना नभए पनि टेलिभिजन तथा रेडियोले मानिसहरूको मनमा अपराधको शिकार हुने डर बढाइदिन्छ ।

अपराधबाट पीडित हुनेको पहिचान प्रस्तुत गर्नुपूर्व विचार गरिनुपर्दछ । पीडितको परिचय प्रसारण गरिनाले पीडितको दुःख, वेदना तथा भावनात्मक धक्कालाई बढाउँछ मात्रै । विशेषगरी यौनात्मक आक्रमणको सन्दर्भमा यस्तो हुने गर्दछ । यौनात्मक आक्रमणका शिकार आफैले आफ्नो नाम दिन स्वीकृति नदिएसम्म वा आफूमाथि भएको कुरा प्रसारण गर्न अनुमति नदिएसम्म उनको नाम प्रसार नगर्नुहोस् । यस्तो कुरा विरलै मात्र सार्वजनिक हितमा हुन्छ ।

समाचार कार्यक्रमहरूले अपराधसम्बन्धी समाचारमा आपराधिक घटनालाई आफ्नै किसिमले रुपान्तरण गरी प्रस्तुत गर्नु हुँदैन । प्रमाण जुटाउने उद्देश्यले प्रहरीद्वारा गरिएका रुपान्तरणलाई भने समाचार कार्यक्रमहरूमा प्रस्तुत गर्न सकिन्छ ।

सक्रिय रहेका वा प्रहरीद्वारा खोजी भइरहेका खतरनाक अपराधीहरूसँगको अन्तर्वार्ताको प्रसारणलाई विरलै मात्र न्यायोचित मान्न सकिन्छ । यस्ता अन्तर्वार्ताबाट दर्शक/श्रोतामा पर्नसक्ने प्रभावप्रति प्रसारक गम्भीर हुनुपर्छ । सामान्यतया यस्ता अन्तर्वार्तालाई प्रसार गर्नुपूर्व वरिष्ठ तहका कसैबाट अनुमति लिनु आवश्यक हुन्छ ।

कुनै अपराधका प्रत्यक्षदर्शीलाई अन्तर्वार्ता गर्दा उक्त अन्तर्वार्ताबाट न्यायको प्रक्रियामा कुनै किसिमको अवरोध सिर्जना नहोस् भन्ने विषयमा विशेष ध्यान दिइनुपर्दछ । कानुनी प्रक्रिया शुरू भइसकेको छ र अदालत ी प्रक्रिया शुरू हुन लागेको छ भने त्यस्ता अन्तर्वार्ता प्रसारण गरिनु हुँदैन ।

## गोप्य रेकर्डिङ

पत्रकारहरूले एउटा संरचनाभित्र काम गर्नुपर्छ, जुन संरचनाले मानिसको गोपनीयतासम्बन्धी अधिकारको सम्मान गर्दछ, उनीहरूलाई निष्पक्ष व्यवहार गर्दछ र पनि सार्वजनिक हितका

कुराहरूमा अनुसन्धान गर्न अनुमति प्रदान गर्दछ । उदाहरणका लागि, बिबिसीले केही निश्चित अवस्थाहरूमा मात्र गोप्य रेकर्डिङ्गका लागि अनुमति दिन्छ :

- गम्भीर असामाजिक वा आपराधिक व्यवहारसम्बन्धी न्यायोचित पूर्व प्रमाणहरू भएको अवस्थामा त्यससम्बन्धी मुद्दाहरू उठाउने कुराहरूबारे खोज गर्ने अनुसन्धान साधनका रूपमा । कार्यक्रम निर्माताले खुला पद्धतिबाट सफलता प्राप्त गर्न सकिने सम्भावना नभएको र त्यस्ता सामग्री प्रदर्शन गरिनु सार्वजनिक हितमा छ भन्ने कुरा देखाउन सक्नुपर्छ ।
- आधारभूत स्वतन्त्रताहरूप्रति स्थानीय कानुन अनुकूल नभएको तथा समाचारदाताहरू एवं संवाददाताहरू खुला रूपमा काम गर्न असमर्थ रहेका राष्ट्रहरूमा जानकारीहरू सङ्कलन गर्न ।

कयौँ प्रसारकहरूले अनुसरण गर्दै आएका सिद्धान्तहरूसँग सहमत न्यूजिल्याण्ड प्रसारण संस्थाको मार्गनिर्देशिकामा उल्लेख गरिएको छ - "कार्यक्रमहरूको तयारी तथा प्रस्तुतिका क्रममा प्रसारकहरू कानुन र सुव्यवस्था कायम गर्नका लागि उपयुक्त मापदण्ड अनुरुप काम गर्न जिम्मेवार हुन्छन् ।

- समाजलाई दिगो बनाउने कानुनका सिद्धान्तहरूलाई प्रसारकहरूले सम्मान गर्नैपर्छ ।
- तथ्यमा आधारित कार्यक्रमहरूले आपराधिक गतिविधिलाई अतिरञ्जित रूपमा प्रस्तुत गर्नु हुँदैन तथा अपराधीहरूका कार्यहरूप्रति आँखा चिम्लन हुँदैन ।
- नकलका लागि अभिप्रेरित गर्ने किसिमबाट अपराधका तरिकाहरूको चित्रण तथा वर्णन कार्यक्रमहरूमा गर्न हुँदैन ।
- सार्वजनिक हित हुने विशेष परिस्थितिहरूमा बाहेक पीडा, घाउ वा मृत्युको कारण बन्नसक्ने नयाँ किसिमका औजार तथा अपरिचित विधिहरूलाई विशेषगरी सजिलै नकल गर्नसकिने भएमा कार्यक्रमहरूमा प्रदर्शन गर्न हुँदैन ।
- हिंसात्मक तथा गम्भीर अपराध एवं मादक पदार्थ तथा औषधिको दुरुपयोगलगायतका असामाजिक व्यवहारको वास्तविकतापूर्ण चित्रण ती गतिविधिहरूलाई आकर्षक पार्ने किसिमबाट कार्यक्रमहरूमा प्रस्तुत गर्न हुँदैन ।
- कार्यक्रमहरूले आत्महत्यालाई आकर्षक बनाउनु हुँदैन र आत्महत्या कसरी गरिएको थियो भन्ने कुरालाई विस्तृत रूपमा प्रस्तुत गर्न वा वर्णन गर्न हुँदैन ।
- रक्सीको आकस्मिक प्रवर्द्धनलाई सकेसम्म कम पारिएको छ भन्ने कुरालाई प्रसारकहरूले सुनिश्चित गर्नुपर्दछ ।"

# प्रकोपसम्बन्धी समाचार सङ्कलन

दुःखद घटनाको दुष्परिणामका सन्दर्भमा उल्लेख्य संवेदनशीलता अपनाइनुपर्दछ । व्यापक रूपमा आपत्तिजनक लाग्ने कुनै पनि कुरा रेडियो वा टेलिभिजनमा प्रसारण नभएको तथा अन-लाइनमा नराखिएको सुनिश्चित गर्नका लागि सम्भव भएसम्मको प्रयास गरिनुपर्दछ ।

दुर्घटना, प्रकोप तथा विपत्तिहरूसम्बन्धमा समाचार सङ्कलन गर्दा अनावश्यक तनाव वा उत्तेजना सिर्जना नहोस् भन्ने उद्देश्यले पत्रकारहरूले जिम्मेवारी र सही समाचार सङ्कलनबीच सन्तुलन कायम गर्नु आवश्यक हुन्छ । समय, स्थान, प्रस्थान विन्दु, गन्तव्य, बाटो, उडान सङ्ख्या ( उदाहरणका लागि, विमान दुर्घटना भएको अवस्थामा) जस्ता आधारभूत तथ्यगत जानकारी छिटो र सही रूपमा उपलब्ध गराउनमा जोड दिइनुपर्दछ । यसो गर्नाले तपाईं अनावश्यक दुःखबाट जोगिन सक्नुहुन्छ ।

पूर्व चेतावनी दिएर व्यापक नोक्सानीलाई रोक्न सकिन्छ, मानवीय दुःख कम गर्न सकिन्छ र मानवीय क्षति हुनबाट जोगाउन सकिन्छ भने कार्यक्रममा पसिहाल्नुहोस् र सम्भावित प्राकृतिक प्रकोपसम्बन्धी चेतावनी दिइहाल्नुहोस् । प्रभावित हुने सम्भावना भएका क्षेत्रतर्फ लक्षित सम्पूर्ण कार्यक्रममा चेतावनी, उद्धार कार्यक्रमसम्बन्धी घोषणा तथा प्रभावित जनताको आत्मबललाई बढाउने खालका नेताहरूका वक्तव्यहरूलाई समावेश गरिनैपर्दछ र प्रमुख स्थान दिइनैपर्छ । गम्भीर अवस्थामा प्रसारणलाई दिनभरि नै जारी राख्नुपर्दछ र नियमित प्रसारण अवधिमा मात्रै सीमित राख्नु हुँदैन । मौसमसम्बन्धी भविष्यवाणि आधिकारिक मौसमसम्बन्धी सेवाबाट मात्र लिइनुपर्दछ ।

प्रकोपका प्रारम्भिक चरणहरूमा सूचनाको स्रोतको उल्लेख गर्नु विशेष महत्वपूर्ण हुन्छ । फरक फरक स्रोतले जनधनको क्षतिसम्बन्धी फरक फरक अनुमान उपलब्ध गराएमा कि त औसत क्षतिसम्बन्धमा जानकारी दिनुहोस् अथवा सबैभन्दा आधिकारिक स्रोतलाई उद्धृत गर्नुहोस् ।

समाचार तथा तथ्यमा आधारित कार्यक्रमहरूले केही आधारभूत तथा बहुप्रचलित सिद्धान्तहरूलाई अनुसरण गर्नुपर्दछ :

- मृतकहरूलाई सम्मानपूर्ण व्यवहार गरिनुपर्दछ र देखाउनै पर्ने वाध्यतापूर्ण कारण नभएसम्म तिनीहरूलाई कार्यक्रममा देखाइनु हुँदैन ।
- अनुहार तथा गम्भीर चोटपटकको नजिकबाट लिइएका दृश्यहरूलाई सकेसम्म कम मात्रामा मात्र प्रयोग गरिनुपर्दछ ।
- कुनै व्यक्तिलाई उनका नातेदारको मृत्यु भएको कुरा रेडियो वा टेलिभिजन समाचारबाट थाहा दिनु हुँदैन । नजिकको नातेदारलाई हुने चिन्तालाई ध्यानमा राखेर मृत्यु भएका व्यक्ति वा हराइरहेका व्यक्तिको नाम दिँदा विशेष होशियारी अपनाउनुपर्छ । नजिकको नातेदारलाई खबर भइसकेको निश्चित नभएसम्म पीडितको नाम प्रसारण नगर्नुहोस् ।

- उपलब्ध भयो भन्दैमा डरलाग्दा सामग्री प्रयोग नगर्नुहोस् ।
- मानिसहरूलाई मार्दै गरेको दृश्य हुने मृत्युदण्ड वा अन्य दृश्यहरूलाई देखाउनु व्यावहारिक रूपमा कुनै पनि हालतमा न्यायोचित हुँदैन ।
- क्यामेराबाट खिँचिएका तस्वीरहरूले कहिलेकाहीँ चलायमान तस्वीरहरूको तुलनामा कम मात्रामा प्रभाव पार्ने गरी भयावह वास्तविकताको चित्रण गर्न सक्दछन् ।
- वेदनामा डुबेका नातेदारहरूलाई अन्तर्वार्ताका लागि कर नगर्नुहोस् ।
- खडेरी वा समुद्री आँधिका घटनाहरू हुँदा भरपर्दो आधिकारिक स्रोतबाट तथ्याङ्क प्राप्त नभएसम्म अन्नबालीको नोक्सानीलाई मौद्रिक स्वरूपमा प्रस्तुत नगर्नुहोस् ।

# हिंसा

हामी हिंसक विश्वमा बाँचिरहेका छौँ । हिंसा दैनिक जीवनको एक अंश नै भइसकेको छ तर यसलाई चित्रण गर्दा विशेष ध्यान दिइनुपर्दछ । पर्दामा प्रस्तुत गरिएको हिंसा धेरै मानिसहरू, विशेषगरी यसबाट तनाव वा व्यग्रताको शिकार हुने सम्भावना भएका बालबालिकालाई दु:खी बनाउँछ र दर्शकहरू यस्ता दृश्यहरू पर्दामा देखाइएला भन्ने कुराप्रति चिन्तित रहेका हुन्छन् । हिंसालाई चित्रण गर्ने वा नगर्ने र गर्ने भए कसरी गर्ने भन्ने निर्णयलाई हल्कासँग लिनुहुँदैन । यस्ता दृश्यले भड्काउन सक्ने आवेश वा हिंसक व्यवहार वा सिर्जना गर्नसक्ने निरपेक्षता वा असंवेदनशीलतालगायतका सम्भावित प्रभावहरूलाई पनि निर्माताहरूले दृष्टिगत गर्नुपर्दछ । हिंसालाई अतिरञ्जित गरेर आकर्षक हुने शैलीमा प्रस्तुत गर्न हुँदैन । हिंसाको चित्रण गर्ने समयमा नियमकै रूपमा यसका गम्भीर परिणामहरूमाथि आँखा चिम्लनु हुँदैन भन्ने कुरा महत्वपूर्ण छ । हिंसाको आधिक्यताले दर्शकलाई असंवेदनशील बनाउन सक्छ ।

कार्यक्रमको तयारी तथा प्रस्तुतिका क्रममा हिंसासम्बन्धी विषयवस्तुमा काम गर्दा प्रसारकहरूले पर्याप्त होश पुऱ्याउनुका साथै विवेकको प्रयोग आवश्यक हुन्छ । न्युजिल्याण्ड प्रसारण संस्था (NZBC) का सुझावहरू निम्नानुसार छन् :

- कुनै पनि हिंसालाई स्वेच्छाचारी रूपमा प्रस्तुत गरिएको छैन र सन्दर्भ अनुसार न्यायोचित बनाइएको छ भन्ने कुरा प्रसारकहरूले सुनिश्चित गर्नुपर्छ ।
- प्रसारकहरू हिंसात्मक घटना तथा विषयवस्तुको बढ्दो प्रभावप्रति सजग हुनुपर्छ ।
- बलात्कार तथा यौन हिंसाका दृश्यहरूलाई अधिकतम विचार पुऱ्याएर प्रयोग गरिनुपर्दछ । यौन हिंसाको विस्तृत विवरण तथा त्यसमाथिको लामो केन्द्रीकरणलाई कार्यक्रममा समावेश गरिनु हुँदैन ।
- उत्तेजना सिर्जना हुने किसिमबाट हिंसा तथा यौनको संयुक्ततालाई प्रदर्शन गर्न हुँदैन ।
- हत्यालगायतका वास्तविक वा काल्पनिक हिंसाको प्रदर्शन विस्तृत पारिएको वा लम्ब्याइएको वा स्वेच्छाचारी रूपमा दोहोऱ्याइएको हुनुहुँदैन ।

## समाचार कार्यक्रमहरूमा हिंसा

समाचार, समसामयिक गतिविधि तथा तथ्यमा आधारित कार्यक्रमहरूमा स्वाभाविक रूपमा हिंसात्मक, व्यग्र बनाउने खालका वा उत्तेजित बनाउने खालका सामग्रीहरू समावेश भएका हुन्छन् । प्रसारकको सूचना दिने कर्तव्यमा हिंसक घटनाहरूसम्बन्धी तथ्यहरूलाई सम्प्रेषण गर्नु तथा तिनीहरूको विश्लेषण गर्नु पनि पर्दछन् । प्रसारकले प्रशस्त मात्रामा हिंसा तथा नृशंसता विद्यमान विश्वप्रति आँखा चिम्लेर यसलाई स्वच्छ बनाउने प्रयास गर्नु हुँदैन । सार्वजनिक हितका लागि यस्ता दृश्यहरू समावेश गरिएको अवस्थामा हिंसाको परिणाम पीडायुक्त तथा रक्तपातपूर्ण हुन्छ भन्ने तथ्यलाई स्पष्ट बनाइनुपर्दछ ।

हिंसाको चित्रण गर्ने दृश्यहरू तथा ध्वनिहरूलाई प्रसार गर्ने वा नगर्ने भन्ने निर्णय तिनीहरूको समाचार बन्ने योग्यता तथा समाचार मूल्यका साथै प्रसारण गरिएको विवरणप्रति दर्शक/श्रोताको संवेदनशीलतालाई पनि पर्याप्त मात्रामा ध्यानमा राखेर गरिनुपर्दछ । समाचार बन्ने कतिपय घटनाहरू हिंसक हुन्छन् तथा त्यसमा कोही न कोही घाइते भएका वा मरेका हुन्छन् तर समाचार लाश वा घाइतेको पीडा वरिपरि कहिल्यै पनि अल्मलिनु हुँदैन । कुनै कुरा इङ्गित गर्नलाई मृतकको 'वाइड-शट' आवश्यक हुनसक्छ तर अनावश्यक 'क्लोज-अप' लाई समावेश गरिनुहुँदैन । प्रदर्शन गरिने दृश्यको परिमाणका बारेमा निर्णय गर्दा सम्पादकहरूले औचित्य तथा विवेकको प्रयोग गर्नुपर्छ ।

पीडाका दृश्यहरूको प्रयोग सर्वसाधारणलाई सूचनाको महत्व बुझाउनका लागि आवश्यक हदसम्म मात्र गरिनुपर्दछ । डरलाग्दा दृश्यहरू प्रदर्शनका क्रममा विवेकको प्रयोग आवश्यक हुन्छ र त्यस्ता दृश्य प्रयोग गरिहालेमा पनि अनावश्यक रूपमा लम्ब्याइनु हुँदैन । व्यक्तिगत दुःखको कहिलेकाहीँ उचित कार्यक्रम उद्देश्य हुनसक्छ तर सनसनीपूर्ण प्रभाव सिर्जना गर्नका लागि यस्ता कुराको दुरुपयोग गरिनु हुँदैन र व्यक्तिगत गोपनीयताको सम्मान गरिनुपर्दछ ।

केही समाचारहरूका सन्दर्भमा के भएको हो भन्ने कुरा पूर्ण रूपमा बुझ्नका लागि झट्काको अनुभूति आवश्यक हुनसक्छ । कुनै कुनै बेला झट्का दिने सामग्रीको प्रयोगलाई आवश्यक ठानिन पनि सकिन्छ तर यस्तो निर्णय निकै होशियारीपूर्वक विचार गरेपछि मात्र गरिनुपर्दछ । कुनै खास श्रृङ्खलाले केही दर्शक/श्रोतालाई व्यग्र बनाउने, तनावमा पार्ने वा अपमान गर्ने सम्भावना भएमा पूर्व सूचना उपलब्ध गराउनु प्रसारकको जिम्मेवारी हो ।

दर्शकहरूलाई जति बढी झट्का दिइयो, उनीहरूलाई झट्काको अनुभूति दिलाउन उत्तिनै गाह्रो पर्छ । केही सामग्रीहरूमा हिंसक घटना आफैभन्दा पनि त्यसपछिका परिणामका दृश्यहरू समावेश हुनसक्छन् ।

हिंसक श्रृङ्खला प्रस्तुत गरिने समयबारे पनि विचार गरिनु आवश्यक छ । बालबालिका जस्ता संवेदनशील समूहहरूले हेर्नसक्ने समयमा प्रस्तुत गरिने बुलेटिनका तस्वीरहरूको सम्पादन गर्दा विशेष ध्यान पुऱ्याइनु आवश्यक हुन्छ ।

उपयुक्त स्थानमा समाचारका अंशहरू प्रसारण गर्नुपूर्व ती सामग्रीहरू केही दर्शक वा श्रोताका लागि अनुपयुक्त हुनसक्ने पूर्व जानकारी उपलब्ध गराइनुपर्दछ ।

# अशान्ति, अपहरण तथा बन्धक

प्रदर्शन तथा विरोधहरूबारे समाचार सङ्कलनसम्बन्धी नियमहरू प्रत्येक प्रसारण संस्थाका आ-आफ्नै हुन सक्छन् । दङ्गा तथा नागरिक अशान्तिका केही अवस्थाहरूमा क्यामेरा तथा माइक्रोफोनहरूको उपस्थितिले मानिसहरूलाई थप हिंसाका लागि उत्तेजित बनाउनसक्ने कुरा स्पष्ट छ । यसैगरी कुनै कुनै अवस्थामा सञ्चार माध्यमको उपस्थितिले हिंसात्मक क्रियाकलापमा मध्यस्थकर्ताको काम गरेको उदाहरणहरू पनि नभएका होइनन् ।

नागरिक हिंसा हुनसक्ने सम्भावना भएका घटनासम्बन्धी समाचार सङ्कलन गर्ने योजना बनाउँदै गर्दा पत्रकार, क्यामेरा तथा माइक्रोफोनको उपस्थिति हिंसा भड्काउने खालको नहोस् भन्ने सुनिश्चित गर्नका लागि सम्भव भएसम्मको पूर्वसावधानी अपनाउनुपर्दछ । पत्रकारहरूको उपस्थितिले गर्दा सम्भावित खतरनाक स्थितिलाई चर्काउने काम हुन लागेको देखिएमा उनीहरूले रेकर्डिङ्का साधनहरूको प्रयोग बन्द गर्नुपर्छ र केही अवस्थाहरूमा त ती साधनहरूलाई लुकाउनु पनि पर्छ ।

बन्धक बनाइएका घटना, आतङ्कवाद, दङ्गा तथा नागरिक अशान्तिसम्बन्धी समाचार सङ्कलनका क्रममा प्रसारकमाथि ठूलो जिम्मेवारी रहेको हुन्छ । पत्रकारहरूले आफ्ना क्रियाकलापबाट बन्धक बनाइएका व्यक्तिहरूको जीवन थप खतरामा नपरोस् र उनीहरूको मुक्तिका लागि सम्बन्धित निकायहरूबाट भइरहेका प्रयासमा अवरोध सिर्जना नहोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । उनीहरू आतङ्कवादी/बन्धक बनाउनेहरूबाट प्रयोग हुनबाट पनि जोगिनुपर्दछ ।

निकै उच्च स्तरबाट अनुमति प्राप्त नभएसम्म आतङ्ककारी/बन्धक बनाउने वा बन्धकको प्रत्यक्ष वा रेकर्ड गरिएको वक्तव्य वा अन्तर्वार्ता प्रसार गरिनुहुँदैन । विशिष्ट स्थितिमा मात्र त्यस्तो अनुमति प्राप्त हुने सम्भावना रहन्छ ।

लम्बिँदै गएको तथा बन्धकहरू संलग्न भएको घटनाका सन्दर्भमा आफूले प्रसारणमा बोलेका कुनै पनि कुरा अपहरणकारी/बन्धक बनाउनेहरूले सुन्न सक्छन् भन्ने जोखिमप्रति प्रसारक सचेत हुनुपर्छ । समाचार सङ्कलन कडाइका साथ तथ्यमा आधारित हुनैपर्छ । के भएको थियो वा के हुन सक्छ भन्ने कुराबारे अनुमानलाई आधार नबनाउनुहोस् । स्थितिलाई थप बिग्रन नदिनका लागि पत्रकार तथा क्यामेरा टोलीले के केको समाचार तयार गर्न सकिन्छ भन्नेबारे प्रहरीले दिएको सुझावलाई अनुसरण गर्नुपर्छ ।

कहिलेकाहीँ प्रहरीले प्रसारण संस्था तथा सञ्चार माध्यमलाई केही जानकारी प्रसारण नगर्न वा प्रसारणमा केही जानकारी समावेश गर्न अनुरोध गर्न सक्छ । त्यस्ता अनुरोधलाई कार्यान्वयन गर्दा तपाईंलाई असत्य भनी थाहा भएको कुनै कुरा जानी जानी कहिल्यै पनि प्रसारणमा आउने छैन भन्ने कुरा सुनिश्चित गर्नुहोस् । आतङ्कवादी घटनाका सम्बन्धमा प्रयोग गरिएको भाषामा निकै सजगता अपनाउनुपर्दछ । आतङ्कवादी समूहहरूले आफूलाई सम्मानित गराउनका लागि प्रायः सैनिक तथा न्यायिक शब्दावलीहरू प्रयोग गर्ने गर्दछन् ।

# बमसम्बन्धी चेतावनी

समाचार संस्थाहरूमा कहिलेकाहीँ मानिसहरूले 'बम राखेको' दाबी गर्दै फोनहरू गर्ने गर्दछन् । यस्तो चेतावनीसम्बन्धी जानकारी तत्कालै प्रहरी तथा आपत्‌कालीन सेवाहरूलाई दिनुहोस् । यस्ता चेतावनी वास्तविक हुन् र नकली होइनन् भन्ने विश्वास प्रसारकलाई दिनका लागि विशेष सङ्केत पनि प्रयोग गर्न सकिन्छ । बमसम्बन्धी चेतावनीबारे समाचार तयार गर्दा प्रसारकले फोन गर्नेबाट प्रयोग भएका ती सङ्केतहरू कहिल्यै पनि प्रकाशमा ल्याउनु हुँदैन । प्रसारक कुनै निश्चित स्थानमा बम राखिएको छ भन्नेबारेमा सूचित भएको अवस्थामा निश्चित रूपमा त्यो चेतावनी वास्तविक हो वा गलत सूचना हो भन्ने थाहा नहुँदै पनि समाचार बनाउन सकिन्छ । सम्पादकहरूले सर्वसाधारणलाई सूचित पार्ने र सजग पार्ने आवश्यकता तथा गलत सूचनालाई प्रचारमा ल्याउन नहुने कुराको बीचमा सन्तुलन कायम गर्नुपर्छ ।

कोही खास व्यक्तिको विरुद्धमा आतङ्कवादीले दिएको धम्कीबाट गम्भीर तथा ठोस प्रभाव सिर्जना नगरेसम्म त्यस्ता धम्कीलाई सामान्यतया समाचार नबनाउनुहोस् । उदाहरणका लागि, सार्वजनिक रूपमा देखा नपर्नु ।

व्यक्तित्वका कारण स्पष्ट रूपमा खतरामा रहेका मानिसहरू (राजनीतिज्ञ, वरिष्ठ सैनिक, सुरक्षा सेवाका सदस्यहरू, न्यायाधीशहरू) का घरको दृश्य खिँच्दा होशियारी अपनाउनुपर्दछ । यस्ता दृश्य खिँच्दा विस्तृत रूपमा नखिँच्नुस्, यसो गर्दा आतङ्कवादी आक्रमणलाई सघाउ पुग्न सक्छ । विस्तृत रूपमा भन्नाले अवस्थिति, भवनको विस्तृत नक्सा, माथिबाट लिइएको तस्वीर, गाडीको नम्बर प्लेटको पढ्न सकिने दृश्यहरू आदि बुझ्नुपर्दछ । यसैगरी आतङ्कवादविरूद्ध प्रयोग गरिने सामानहरूको विस्तृत विवरण पनि प्रकाशमा ल्याउन हुँदैन ।

सामान्य अवस्थामा खतरामा नपर्ने व्यक्तिलाई आतङ्कवादी आक्रमणको सम्भावित निशाना बनाउने किसिमबाट उनको पहिचान प्रस्तुत नगर्नमा पनि होशियारी अपनाउनुपर्दछ, उदाहरणका लागि सैनिक निकायका लागि काम गरिरहेका कम्पनीहरू वा पशु प्रयोगशालाको नाम उल्लेख नगर्नुहोस् । पशु प्रयोगशालालाई प्रकाशमा ल्याउँदा उनीहरू पशु अधिकारसम्बन्धी कार्यकर्ताहरूबाट जोखिममा पर्न सक्छन् भन्ने कुरामा विचार पुऱ्याइनुपर्छ ।

आतङ्कवादी तथा छापामार नेताहरूसँगको अन्तर्वार्ता

आतङ्कवादी तथा छापामार नेताहरूसँगको अन्तर्वार्ताप्रति जन अभिरुचिको मात्रा त्यस्ता अन्तर्वार्ताहरूबाट दर्शक/श्रोतामा फैलिन सक्ने उत्तेजना वा आक्रोशको मात्राको तुलनामा बढी भएको अवस्थामा मात्रै यसको लागि अनुमति प्रदान गर्न सकिन्छ । यसका लागि अनुमति उच्च स्तरबाट मात्रै दिने गर्नुपर्छ ।

आत्महत्या

आत्महत्या भनेको समाचार सङ्कलनका लागि एउटा नियमित विषयवस्तु हो । आत्महत्याको कुनै पनि चित्रण गर्दा उच्च संवेदनशीलता आवश्यक पर्छ र समाचारमा यसलाई सनसनीपूर्ण बनाइनु हुँदैन । यसैगरी आत्महत्या गर्ने तरिकाहरूको सचित्र वा प्राविधिक विवरण पनि समाचारमा राखिनुहुँदैन । आत्मघाती वा आत्महत्या गर्नमा प्रेरित गर्ने खालका सामग्रीहरूलाई प्रसारकहरूले स्थान दिनु हुँदैन ।

# प्रदर्शन

विरोध तथा प्रदर्शन एवं यस्ता कार्यक्रम आयोजना गर्ने अधिकार प्रजातान्त्रिक प्रक्रियाकै अंश हुन् । पदयात्रा, भवन वा अन्य स्थानहरूमाथि कब्जा, अवरोध, धर्ना, भोक हड्ताल तथा व्यक्तिहरू एवं समूहहरूद्वारा गरिने यस्तै किसिमका अन्य कार्यक्रमहरूका माध्यमबाट विरोध तथा प्रदर्शन गरिन्छन् ।

कतिपय सार्वजनिक कार्यक्रमहरू, विशेषगरी विरोध तथा प्रदर्शनहरूको योजना तथा आयोजना मुख्य रूपमा सञ्चार माध्यममा स्थान पाउने कुरालाई ध्यानमा राखेर गरिएका हुन्छन् । प्रदर्शनकारीहरूले आफूलाई ठूला वा महत्वपूर्ण सार्वजनिक कार्यक्रमहरूमा दृश्य रूपमा प्रस्तुत गरेर वा ती कार्यक्रमहरू बिथोल्ने कोशिस गरेर आफूलाई सञ्चार माध्यममा ल्याउन बढ्दो रूपमा चाहँदै आएका छन् । यस्तो कुराको समाचार सङ्कलनमा तोडमरोड हुने सम्भावना प्रायः बढी नै हुन्छ । क्यानाडाको क्यानाडेली प्रसारक संस्था (CBC) ले यससन्दर्भमा आफ्ना पत्रकारहरूबाट पालना गराउनका लागि निम्नलिखित मार्गनिर्देशनहरू तयार गरेको छ :

- प्रदर्शनबारे समाचार सङ्कलन गर्ने निर्णय गरिएको छ भन्ने कुरा प्रसारण संस्थाबाहिर कसैलाई पनि थाहा दिइनु हुँदैन ।
- पत्रकारहरूले आयोजकहरू वा प्रदर्शनकारीहरूबाट आफ्नो दूरी कायम गर्नुपर्दछ ।
- स्पष्ट रूपमा क्यामेरा वा माइकका लागि प्रदर्शन गरिरहेका व्यक्तिहरू वा समूहहरूसँग समाचार सङ्कलन टोली सजग हुनुपर्दछ ।
- समाचार सङ्कलन टोलीले कार्यक्रम आयोजनातर्फ उद्यत गराउने खालका कुनै पनि सुझाव वा अनुरोधहरू प्रदर्शनकारीहरूलाई गर्नु हुँदैन ।
- पत्रकारहरूले आयोजकहरूको परिचय, प्रदर्शनको उद्देश्य तथा सहभागीहरूको सङ्ख्याबारे जानकारी सङ्कलन गर्नुपर्छ र त्यसबारे समाचार दिनुपर्दछ ।
- पूर्वनिर्धारित सार्वजनिक कार्यक्रम प्रदर्शनबाट बिथोलिँदा पनि उक्त कार्यक्रमका सम्बन्धमा समाचार सङ्कलन गरिनुपर्दछ ।
- समाचारको प्रसारणसम्बन्धी निर्णय कार्यक्रम, विरोध वा प्रदर्शनको महत्वका आधारमा गरिनुपर्दछ, यसले उपलब्ध गराउने आवाज तथा दृश्यहरूका आधारमा होइन ।

साम्प्रदायिक अशान्तिका सम्बन्धमा समाचार सङ्कलनसम्बन्धी अनुभवका आधारमा अल इण्डिया रेडियोले निम्नलिखित सुझावहरू थपेको छ :

- राष्ट्रका कुनै भागमा दङ्गा तथा साम्प्रदायिक भिडन्त हुँदा अल इण्डिया रेडियोको प्रसारणले त्यस्तो अवस्थालाई घटाउन तथा सौहार्द, सुव्यवस्था एवं आत्मविश्वास पुनःस्थापित गर्न सघाउनुपर्दछ ।

- तथ्यहरूलाई तोडमरोड गर्न वा कुण्ठित गर्न हुँदैन भने राष्ट्रिय हितलाई सघाउने शैलीमा तिनीहरूलाई प्रस्तुत गरिनुपर्दछ । नियमकै रूपमा त्यस्ता सबै समाचारहरूलाई न्यून प्राथमिकता दिइनुपर्दछ ।
- दङ्गा साम्प्रदायिक प्रकृतिको भएमा सम्बन्धित समुदायहरूको परिचय नदिनुहोला । ढिलो हुने भए पनि भिडन्तमा भएको हताहति जस्ता जानकारी उपयुक्त पुष्टि गराएर मात्र दिनुपर्दछ । ती जानकारीहरू भरपर्दो स्रोतलाई उद्धृत गरेर मात्र दिइनुपर्दछ । त्यस्तो स्थितिलाई समाधान गर्ने विचारहरूलाई मात्र प्राथमिकता दिइनुपर्दछ ।
- कुनै विशेष समुदाय वा धर्ममाथि कहिल्यै पनि आक्रमण नगर्नुहोस् ।
- अशान्त स्थितिका सम्बन्धमा समाचार सङ्कलन गर्दा मानिसहरूबीच त्रास फैलाउने तथा हिंसालाई भड्काउने वा समुदायहरू वा सम्प्रदायहरूबीच उत्तेजनात्मक प्रतिक्रिया सिर्जना गर्ने खालका सन्दर्भहरूलाई नसमेट्नुहोला ।
- अशान्त स्थितिहरूसम्बन्धी अपुष्ट जानकारीहरू तथा सुनेको भरमा भनिएका कुराहरूलाई सबैभन्दा बढी उपेक्षा गरिनुपर्दछ ।

# स्वच्छता तथा सिधा व्यवहार

कार्यक्रमहरू स्वच्छता, खुलापन तथा सिधा व्यवहारमा आधारित हुनुपर्दछ । सहभागीहरूलाई इमानदारी तथा सम्मानपूर्वक व्यवहार गरिनुपर्दछ । प्रारम्भदेखि नै कार्यक्रम निर्माताहरू कार्यक्रमको प्रकृति तथा यसका उद्देश्यबारे सकेसम्म बढी स्पष्ट हुनुपर्दछ । उनीहरू आफ्ना योजनाहरूबारे खुला हुनुपर्दछ भने कार्यक्रममा सहभागी भइरहेका सबैसँग इमानदार रहनुपर्दछ ।

कार्यक्रममा सहभागी हुनेहरू सार्वजनिक व्यक्तित्व होउन् वा सर्वसाधारण, सबैलाई स्वच्छ शैलीमा व्यवहारको अनुभूति गराउन सक्नुपर्दछ । कार्यक्रम निर्माणपूर्व, निर्माणका क्रममा तथा निर्माणपछि आफूलाई भ्रमित गरिएको, छल गरिएको वा गलत प्रतिनिधित्व गराइएको अनुभव उनीहरूलाई हुन दिनु हुँदैन । कार्यक्रममा सहभागी हुनेहरूलाई निम्नलिखित कुरा थाहा पाउने अधिकार हुन्छ :

- कार्यक्रम केबारेमा हो ?
- उनीहरूबाट कुन किसिमको योगदानको अपेक्षा गरिएको छ (अन्तर्वार्ता, छलफलमा सहभागिता), अन्य सहभागीहरू को को छन्, त्यसको प्रत्यक्ष प्रसारण हुनेछ वा रेकर्डिङ्ग गरेपछि प्रसारण गरिनेछ र त्यसको सम्पादन गरिनेछ वा गरिने छैन ? उनीहरूका कुराहरू प्रसारण नै गरिनेछन् भन्ने कुराको प्रत्याभूति उनीहरूलाई दिइनु हुँदैन । तर कार्यक्रम निर्माताहरूले आफूले प्रयोग गर्छु जस्तो नलागेसम्म महत्वपूर्ण कुराहरूको रेकर्डिङ्ग गर्नु हुँदैन ।
- कार्यक्रमको तयारीका क्रममा सहयोग तथा सुझावका लागि अनुरोध गरिने व्यक्तिहरूसँग पनि स्वच्छता निर्वाह उत्तिकै रूपमा गर्नु आवश्यक हुन्छ । उनीहरूलाई किन सम्पर्क गरिएको हो र कार्यक्रमको विषय के हो भन्ने कुराबारे स्पष्ट रूपमा जानकारी उनीहरूलाई दिइनुपर्दछ ।

गम्भीर गैरकानुनी वा असामाजिक व्यवहारसम्बन्धी कुरा उठाउँदा स्पष्ट स्वार्थ भएको अवस्थामा मात्रै कार्यक्रम निर्माताहरू सहभागीहरूसँग खुला हुँदैनन् । छलकपट न्यूनतम आवश्यकता हुनुपर्दछ र वरिष्ठ प्रसारक अधिकारीबाट अनुमति प्राप्त भएपछि मात्र यस्तो गर्नुपर्दछ ।

केही सहभागीहरूले कार्यक्रम प्रसारण हुनुभन्दा पहिले त्यसलाई हेर्न/सुन्न अनुरोध गर्न सक्दछन् । कानुनी कारणहरूले गर्दा सम्पादकीय स्वतन्त्रता कायम गर्नका लागि सामान्यतया यस्तो कुरामा सहमति जनाउनु बुद्धिमानी होइन ।

सम्पादकीय नियन्त्रणलाई तिलाञ्जली नगरीकन यस्ता पूर्वश्रवण/पूर्वप्रदर्शन गराउन सकिने विशेष अवस्थाहरू भने हुनसक्छन् ।

## निषेधाज्ञा

कार्यक्रमहरूले निषेधाज्ञासहितका सामग्री प्राप्त गर्दा त्यसलाई पालना गर्ने नीति हुनुपर्दछ । कहिलेकाहीँ निषेधाज्ञा लगाउने संस्थालाई सो निषेधाज्ञा हटाउनका लागि अनुरोध गर्न सकिन्छ भने कहिलेकाहीँ अन्य सञ्चार माध्यमले यसलाई तोड्न सक्छन् । यस्तो अवस्थामा त्यस्तै गर्नुलाई न्यायोचित मान्न सकिन्छ । निषेधाज्ञाको उल्लङ्घन जति बढी भयो, त्यसलाई अनुसरण गर्नु त्यति नै बढी न्यायोचित हुन्छ ।

## अज्ञातता

अधिकांश अवस्थामा, विशेषगरी कार्यक्रममा उल्लेख गरिएका कुराहरू महत्वपूर्ण भएको अवस्थामा सहभागीहरू तथा श्रोताहरू दुवैले वक्ताहरूको परिचयको अपेक्षा गरेका हुने भए पनि कार्यक्रममा सहभागी हुने सबैको नाम बताउनै पर्दछ भन्ने छैन । कहिलेकाहीँ सहभागीको सुरक्षाका लागि उनको नाम नलिने निर्णय गरिन्छ ।

# गोपनीयता

व्यापक अर्थमा भन्ने हो भने गोपनीयता भनेको एकान्त प्रदान गर्नु हो । यसको अर्थ कुनै व्यक्तिको सार्वजनिक जीवन बाहेक उनको व्यक्तिगत तथा निजी जीवनलाई सार्वजनिक रूपमा दखल हुन दिनबाट वा उजागर हुनबाट रक्षा गर्नु हो । कुनै व्यक्तिको निजी जीवनले उनको सार्वजनिक जीवनमाथि हस्तक्षेप गरेको अवस्थामा वा उनको सार्वजनिक जीवनको एक अंशको रूप लिएको अवस्थामा, सार्वजनिक मुद्दासम्बन्धी छलफलका लागि सान्दर्भिक भएमा वा वैध सार्वजनिक चासोको विषयवस्तु भएमा मात्रै दखल न्यायोचित हुनसक्दछ ।

“निकै राम्रो पक्षलाई लाभ पुऱ्याएर दखललाई न्यायोचित बनाइनुपर्छ । व्यापक सार्वजनिक मुद्दाको रूप नलिएसम्म निजी व्यवहार, पत्राचार तथा संवादलाई सार्वजनिक क्षेत्रमा ल्याइनुहुँदैन ।” (बिबिसी मार्गनिर्देशिका)

## सार्वजनिक जीवन तथा सार्वजनिक मुद्दाहरू

सार्वजनिक व्यक्तित्वहरूको विशेष स्थान हुन्छ तर उनीहरूलाई पनि व्यक्तिगत जीवन बाँच्ने अधिकार हुन्छ । आफ्नो कर्तव्य निर्वाह गर्नेसम्बन्धमा व्यक्तिमा भएको क्षमता वा कार्यालयका लागि उनको उपयुक्ततासम्बन्धी जानकारीहरूमात्रै सर्वसाधारणलाई दिइनुपर्दछ । सार्वजनिक व्यक्तित्वको निजी व्यवहार कानुनी नभएसम्म तथा त्यसले बृहत् मुद्दालाई नउठाएसम्म सर्वसाधारणलाई त्यसबारे जान्ने अधिकार हुँदैन (समाचारपत्रहरू त्यस्तै कुराबाट भरिएको भए पनि) ।

कुनै व्यक्तिको गोपनीयतासम्बन्धी वैध अधिकारलाई सम्मान गरिनुपर्दछ । सार्वजनिक हितको विचारलाई नाघेर न्यायोचित नठहऱ्याइएसम्म व्यक्तिगत दुःख वा तनावको कारण बन्नसक्ने कुनै पनि किसिमका दखल दिने काम प्रसारकहरूले गर्न हुँदैन । कुनै कुनै निश्चित अवस्थाहरूमा भने सूचनाप्रतिको सर्वसाधारणको अधिकार गोपनीयताभन्दा अगाडि हुन्छ :

- जानकारी सार्वजनिक हितसम्बन्धी भएमा सार्वजनिक व्यक्तित्व वा सार्वजनिक संस्थाको जानकारी हासिल गर्ने अधिकार सर्वसाधारणलाई हुन्छ ।
- कसैको सार्वजनिक कर्तव्य निर्वाहसँग सम्बन्धित वा सार्वजनिक हितसँग सम्बन्धित जानकारी उपलब्ध गराउनका लागि गरिएको गोपनीयतामाथिको दखललाई न्यायोचित मान्न सकिन्छ ।
- सार्वजनिक व्यक्तित्वहरूका निजी जीवनको सार्वजनिक कर्तव्यसँग सम्बन्धित पक्ष तथा असम्बन्धित पक्षलाई पृथक बनाउनुपर्छ ।
- सार्वजनिक हितलाई प्रभाव नपार्ने कुराहरूमा सार्वजनिक व्यक्तित्वहरूलाई पनि अरुलाई जत्तिकै गोपनीयतासम्बन्धी अधिकार हुनुपर्छ ।

गोपनीयतासम्बन्धी अधिकार निम्नलिखित कुराहरूले निर्धारण गर्दछ :

- सार्वजनिक हित : गोपनीयताको संरक्षणको अर्थ सार्वजनिक हितविरूद्ध कुराहरू लुकाउनु हुन्छ भने मानिसहरूको गोपनीयतासम्बन्धी अधिकार कम हुन्छ ।
- व्यवहार : मानिसहरूको व्यवहार आपराधिक वा गम्भीर रूपमा असामाजिक भएमा उनीहरूको गोपनीयतासम्बन्धी अधिकार कम हुन्छ ।
- स्थान : सार्वजनिक स्थानको तुलनामा निजी आवास जस्ता स्थानमा गोपनीयतासम्बन्धी अधिकार स्पष्ट रूपमा बढी हुन्छ ।

# गुनासोका प्रक्रियाहरू

प्रसारक आफ्ना सेवाका सबै कार्यक्रमहरूको गुणस्तर तथा स्तरीयताका लागि जिम्मेवार हुन्छ । यस जिम्मेवारीभित्र यसका आफ्नै कर्मचारीहरूका साथै सह-प्रसारकहरूबाट उत्पादन गरिएका कार्यक्रमहरू वा खरिद गरिएका सामग्रीहरू पनि पर्दछन् । कार्यक्रमहरूसम्बन्धमा आफ्ना विचारहरू राख्ने वा इच्छा लागेमा गुनासो गर्ने अवसरहरू सर्वसाधारणलाई उपलब्ध हुनुपर्दछ । लोकसेवा प्रसारक आफ्ना दर्शकहरू वा श्रोताहरूप्रति उत्तरदायी हुनैपर्छ । यसले सार्वजनिक चासोहरूको अनुगमन गर्नुपर्छ र तिनीहरूको जवाफ दिनुपर्छ, चाहे ती चासोहरू चिठ्ठीबाट वा फोनबाट वा ई-मेलबाट प्राप्त भएको होस् वा समाचारपत्र वा अन्य माध्यमबाट वा औपचारिक माध्यमबाट उठाइएको होस् ।

प्रत्येक दिन कयौं कार्यक्रमहरू प्रसारण गर्ने क्रममा समय समयमा गल्तीहरू हुन सक्छन् । सर्वसाधारणबाट प्राप्त गुनासोहरूको सामना गर्नका लागि प्रत्येक स्टेशनहरूको आ-आफ्नै नियमहरू तथा पद्धतिहरू हुन्छन् । सामान्यतया यस्ता कुराहरू सम्हाल्नका लागि एउटा विशेष विभाग नै पनि हुन सक्छ । गुनासोहरू सामना गर्ने सन्दर्भमा सामान्यतया मान्य कयौं उपायहरू छन् ।

## गल्तीमा सुधार

गम्भीर तथ्यगत गल्ती हुँदा त्यसलाई स्पष्ट तथा खुला रूपमा स्वीकार्नु महत्वपूर्ण हुन्छ । के गल्ती भएको छ भन्ने कुरा भन्नु र उपयुक्त भएमा क्षमायाचना गर्नु प्रभावकारी सुधारसन्दर्भमा महत्वपूर्ण कुरा हो ।

असत्यताले अन्याय भएको गुनासो जन्माउन सक्छ । गल्ती भएको स्वीकारिएको अवस्थामा समयमै गरिएको भूलसुधारले गुनासो गर्ने व्यक्तिलाई त्यस कुरालाई अगाडि नबढाउन सम्झाउन सक्छ ।

## गुनासो

कुनैपनि गुनासोलाई तुरून्त जवाफ दिनु महत्वपूर्ण हुन्छ । गुनासोबारे जाँचबुझ भइरहेको अवस्थामा प्रारम्भिक रूपमा सामान्य कृतज्ञता व्यक्त गरेरै भए पनि जवाफ दिइनुपर्छ । थप गम्भीर गुनासोहरू निम्नानुसारका हुन सक्छन् :

- कार्यक्रममा अन्यायपूर्ण व्यवहार भएको दाबी,
- कार्यक्रमका लागि सामग्री प्राप्त गरिएका तरिकाबाट अनधिकृत रूपमा गोपनीयता भङ्ग भएको,
- कार्यक्रममा हिंसात्मक वा यौन व्यवहारको चित्रण गरिएको वा अशिष्ट भाषाको प्रयोग गरिएको,
- आस्वादन वा शिष्टताका अन्य कुराहरू ।

केही प्रसारकहरू, उदाहरणका लागि अष्ट्रेलियाली प्रसारक संस्थाले गुनासोको सामना गर्नेसन्दर्भमा समयसीमा निर्धारण गरेको छ । उक्त संस्थामा कुनै गुनासो प्राप्त भएको चार हप्ताभित्रमा त्यसको जवाफ दिनैपर्छ । बेलायतमा रेडियो कार्यक्रमको प्रसारणको तीन साताभित्रमा तथा टेलिभिजन कार्यक्रमको पछिल्लो प्रसारणको दुई महिनाभित्रमा आस्वादन तथा शिष्टतासम्बन्धी कुराहरूबारे प्रसारण गुणस्तर आयोगमा कसैले पनि गुनासो दर्ता गराउन सक्दछ।

सर्वप्रथमतः प्रसारकले गुनासो जायज छ वा छैन भन्ने कुरामा विचार गर्नुपर्छ । गुनासो जायज भएको अवस्थामा त्यससम्बन्धमा केही गर्नुपर्छ र गुनासो जायज छैन भने प्रसारकले उक्त गुनासोलाई नम्रतापूर्वक अस्वीकार गर्नुपर्छ ।

कुनै कार्यक्रम प्रत्यक्ष प्रसारणमै रहेको समयमा कुनै गुनासो प्राप्त भएमा कार्यक्रमको लगत्तै पछि भूलसुधार गर्न सकिन्छ । यो निर्णय त्यतिबेला उपस्थित सबैभन्दा वरिष्ठ सम्पादकमाथि निर्भर हुन्छ ।

धेरैजसो मानिसहरू टेलिफोनबाट तत्काल एवं अनौपचारिक रूपमा गुनासो गर्न मन पराउँछन् । गुनासो गर्ने व्यक्तिले उनको गुनासो टिपाउन चाहन्छ भने श्रोता सम्पर्क अधिकारीले उनको गुनासो दर्ता गर्न सक्छ । टेलिफोनबाट गुनासो गर्ने व्यक्ति सन्तुष्ट भएन भने सामान्यतया उनलाई उनको गुनासो लिखित रूपमा प्रस्तुत गर्न अनुरोध गरिनुपर्छ । गुनासो निकै गम्भीर वा जटिल रहेको अवस्थामा वा गुनासोकर्ता मुखाले भएको अवस्थाका लागि यो निकै उपयुक्त उपाय हो ।

गुनासो गर्ने व्यक्तिलाई लेख्नमा कुनै कठिनाइ (भाषा, साक्षरता वा अपाङ्गता) भएमा गुनासोको लिखित दस्तावेज प्राप्त गर्नका लागि वैकल्पिक व्यवस्था गरिनुपर्ने हुन्छ ।

कुनै गुनासो दर्ता भइसकेपछि जनसम्पर्कसम्बन्धी काम गर्ने विभागले उक्त गुनासो सम्बन्धित कार्यक्रम उत्पादन गर्ने विभागमा पठाउँछ र विस्तृत जवाफका लागि अनुरोध गर्दछ ।

कानुनी कार्यवाही गर्ने चेतावनी पनि दिइएको छ भने त्यसबारे प्रसारण संस्थाको कानुनी विभागलाई पनि सूचित गर्नुपर्दछ र त्यसको सल्लाह लिनुपर्छ ।

## पछि लाग्ने गुनासो

गुनासो गर्ने व्यक्ति स्टेशनको जवाफबाट सन्तुष्ट नभएमा त्यसलाई थप अनुसन्धानका लागि प्रेषित गर्नु उपयुक्त हुनसक्छ । त्यस्ता कुराहरूको सामना गर्नका लागि स्टेशनसँग विभिन्न उपायहरू हुन्छन् । उदाहरणका लागि, बेलायतमा बिबिसीको उत्तरबाट चित्त नबुझेका दर्शक वा श्रोताका गुनासोहरूलाई बिबिसी गभर्नरहरूले हेर्ने गर्दछन् । हरेक तीन महिनामा उनीहरूले प्राप्त गरेका गुनासोहरू तथा त्यससम्बन्धमा के के कारवाही गरिए भन्ने विवरणसहितको एउटा बुलेटिन प्रकाशित गरिन्छ । बिबिसीको सार्वजनिक वेबसाइटमा उपलब्ध यो एउटा सार्वजनिक दस्तावेज हो ।

कुनै गुनासोको बचाव गरिएको छ भने प्रसारकले त्यस गुनासो तथा निष्कर्षहरूको सङ्क्षेप प्रकाशित गर्ने अपेक्षा गरिन्छ । ती निष्कर्षहरूलाई पर्दामा वा रेडियोमा प्रसारण गर्नुका साथै निर्णयलाई समाचारपत्रहरूमा प्रकाशित गर्न आवश्यक पनि हुनसक्छ ।

प्रकाशक : युनेस्को, नयाँ दिल्ली (भारत)
अनुवादक : युनेस्को, काठमाडौं, नेपाल